# बुद्धकालीन प्रजातन्त्र

# र

# समाजवाद



"जन्मैले हुँदैन ब्राह्मण, कर्मैले हुन्छ चाण्डाल"

लेखक:

**भिक्षु अश्वघोष**

Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन प्रजातन्त्र

## –र

# समाजवाद



भिक्षु अश्वघोष
संघाराम विहार
ढल्को, काठमाडौं

प्रकाशक :

दुर्गादास रंजित
टेकु, मचली, काठमाडौं
फोन : २५७७०९

Downloaded from http://www.dhamma.digital

प्रकाशक :

दुर्गादास रंजित

टेकु, मचली, काठमाडौं

फोन : २५७७०९

बुद्ध सं. : २५४६

नेपाल सं. : १११९

ई. सं. : १९९८

वि. सं. : २०५५

प्रथम संस्करण : ३००० प्रति

मुद्रक : युनिभर्सल प्रिन्ट कन्सर्न,

क्षत्रपाटी, काठमाडौं,

फोन : २५४६८१

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# विषय सूची


| | |
|---|---|
| प्रकाशकको छोटो चिनारी | क |
| प्रकाशकको अपील, प्रकाशकको भनाई | ग |
| मेरो आफ्नै भनाइ | च |
| बुद्ध र समाजवादी भिक्षु संघ | १ |
| बुद्धको प्रजातान्त्रिक निर्देशन | ७ |
| प्रजातन्त्रात्मक भिक्षु संघ कर्म | ११ |
| सम्पत्ति सम्बन्धि समाजवादी व्यवस्था | १२ |
| भिक्षु संघमा प्रजातान्त्रिक लक्षण | १५ |
| बुद्ध चरित्र र बौद्ध चरित्र | १९ |
| बुद्ध धर्मले जातिभेद मान्दैन | २५ |
| मुर्ख मित्र भन्दा विद्वान शत्रु नै वेश | २९ |
| गौतम बुद्ध र प्रजातन्त्र | ३४ |
| फुट र भेदले गर्दा प्रजातन्त्र राज्य पतन भयो | ३८ |
| प्रजातंत्रसंग अर्थको घनिष्ट सम्बन्ध छ | ४४ |
| विद्वानहरूले नवुझेपछि | ४९ |
| संस्कार बदल्नु पर्छ | ५४ |
| सुविधा भोगी जीवनले कसरी दु:ख दिन्छ ? | ५६ |


Downloaded from http://www.dhamma.digital

## बुद्ध बचन

+ बितिसकेको कुरामा सोक नगर्नु भविष्यको लागि चिन्ता नगर्नु वर्तमान अवस्थामा सन्तुष्ट भई प्रसन्नता पुर्वक जीवित हुनु उत्तम, अनि सुख पाउंछ। जाति नसोध, आचरण सोध। बुद्ध धर्मले जातिभेद मान्दैन।

+ मुर्ख मित्र भन्दा विद्धान शत्रु बेश।

+ कोधलाई अक्रोधले जित्ने गर।

+ यस संसारमा ज्ञान प्राप्तिको लागि जिउनु पर्छ

+ अर्काको दोष देख्नु सजिलो छ किन्तु आफ्नो दोष देख्नु मुस्किल छ।

+ अरुको अहित हुने काम गर्नेलाई आर्य भन्दैन, धेरैको हित हुने काम गर्नलाई मात्र आर्य भन्दछन।

+ नम्रता स्वयंमा एक तपस्या हो।

Downloaded from http://www.dhamma.digital

# प्रकाशकको छोटो चिनारी

बि .सं .१९८८ सालमा काठमाडौंमा जन्मनु भएका श्री दुर्गा दास रंजित केटाकेटीको उमेर देखिनै सामाजिक कार्यमा रुची राख्ने एउटा निस्वार्थ र त्यागी राजनैतिक कार्यकर्ताको रुपमा चिनिनु हुन्छ । सर्व प्रथम १९९७ सालमा शहिद शुकराज शास्त्रीज्यूलाई राणा सरकारले निर्ममता पूर्वक झुण्ड्याएको दुखद दृश्यवाट आक्रान्त हुन पुग्नु भयो । त्यस पछि २००१ सालमा बौद्ध भिक्षुहरुलाई देश निकाला गरेको घटनाले झन राणा सरकारको अन्याय अत्याचार प्रति असन्तुष्ट भै आक्रोशित हुनु भयो र प्रजातान्त्रिक आन्दोलनका श्रद्धेय नेता स्व. वि.पी. कोइराला र स्व. गणेशमान सिंहको प्रजातान्त्रिक बिचारधाराबाट प्रभावित भै निजहरुलाई सुरक्षित स्थानमा लुकाउने छिपाउने काममा संलग्न हुन थाल्नु भयो । २००८ सालमा नेपाली कांग्रेसको चवन्नी सदस्यता ग्रहण गरी सक्रिय राजनीतिमा प्रवेश गरी २०१४ सालको भद्र अवज्ञा आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नु भएका श्री दुर्गा दासजी २०१६ सालमा नेपाली कांग्रेस काठमाण्डौं क्षेत्र नं १ का पार्टी सभापतिमा चुनिनु भयो । तर २०१७ सालमा प्रजातन्त्रको हत्या पछि पंचायती व्यवस्थाको बिरोध गरे बापत २०१८ सालमा सुरक्षा कानून अन्तर्गत पक्राउमा परी करीव २ वर्षको कारावास जीन्दगी बिताई विदेशिनु



Downloaded from http://www.dhamma.digital

भयो र २०२५ साल सम्म भारतको कलकत्तामा बसी पुन: काठमाण्डौं फर्कि आफ्नो व्यवसायमा संलग्न हुनु परेकोले सक्रिय राजनीतिबाट टाढा रहन विवश हुनु भयो। तर पनि प्रजातान्त्रिक कृयाकलापहरुमा अभिरुची राखी प्रजातन्त्रवादी साथीहरुसंग निरन्तर सम्पर्क कायमै राखी २०३६ सालको आन्दोलन र २०४६ सालको जनआन्दोलनलाई नेपथ्यामा बसी आफूले सक्दो सहयोग गर्नु भयो । तर प्रजातन्त्रको पुन: स्थापना पश्चात नेपाली कांग्रेसको प्रजातन्त्र र समाजवादको भावना विपरित पार्टीका साथीहरुको स्वार्थपूर्ण व्यवहार, कुर्सीको राजनीति र एक आपसमा शत्रुताको व्यवहार प्रति असन्तुष्ट भै सक्रिय राजनीतिबाट अलग्ग रहने बिचार गरी रहेको समयमा एक्कासी हृदय रोगबाट पीडित हुन पुग्नु भयो र भारतको एपोलो अस्पतालमा उपचार (बाईपास सर्जरी) गराई फर्केपछि आध्यात्मिकता तिर आकर्षित भै हाल सोही गतिविधीमा नै बांकी जीवन समर्पण गर्ने निधो गरी समय बिताई रहनु भएको छ । वि.सं २००४ सालमा पहिलो पटक परोपकार संस्थाको स्वयं सेवक भै सामाजिक कृयाकलापमा संलग्न हुनु पुग्नु भएका श्री दुर्गा दास रंजितजी गाउं सेवा कोष, बौद्ध वृद्धाश्रम, पद्म सुगन्ध विहार र धर्मकीर्तिको विशेष सदस्य आदि जस्ता थुप्रै सामाजिक तथा धार्मिक संस्थाहरुको आजीवन सदस्यता ग्रहण गरी सामाजिक एवं धार्मिक गतिविधिमा पनि उत्तिकै चाख राख्ने व्यक्तिको रुपमा परिचित हुनुहुन्छ ।

लेखक :भिक्षु



Downloaded from http://www.dhamma.digital

# प्रकाशकको अपील, प्रकाशकको भनाई



प्रकाशक

प्रजातन्त्रको पुन:स्थापना पछि नेपालको राजनीतिमा थुप्रै पार्टीहरुको जन्म भयो। प्रजातान्त्रिक मर्यादा, यसको आदर्श र हाम्रो संविधानले आत्मसात गरेका भावना अनुरुप देश र जनताको सर्वागिंन विकासमा अग्रसर हुनु नै सम्पूर्ण राजनैतिक पार्टीहरुको मुख्य ध्येय रहेको हुन्छ। तर आज मुलुकको स्वार्थलाई तिलान्जली दिई केवल सत्तालिप्साको मोहमा आफूलाई होमेको दृश्यले राजनीतिमा देखिएको विकृति मनोवृतिलाई स्पष्ट पारीरहेको मैले अनुभव गरीरहेको छुं। मेरो मनमा संधै एउटा प्रश्न आइरहन्छ के त सांच्चै देश र समाजको उत्थानमा सरीक हुन एवं बिकासमा संलग्न हुन सत्तानै सबै कुरा हो त ? आज सम्पूर्ण देशवासीहरुले जिम्मेवार राजनैतिक पार्टीहरुबाट यही प्रश्नको उत्तर चाहेको छ। मेरो बिचारमा त देश र जनता अनि समाजको विकास गर्न सत्तालाई एउटा साधनको रुपमा प्रयोग नगरी सत्तानै सवै कुरा हो भन्ने बिचार त्यागनु नै आजको आवश्यकता हो र जनताले राजनैतिक पार्टीहरुबाट खोजेको माग पनि यहि हो जस्तो लाग्छ।



Downloaded from http://www.dhamma.digital

प्रजातन्त्रमा राजनैतिक दलहरुको बीचमा हुने संकल्प र सहमतिले ठूलो भूमिका खेल्ने हुन्छ । भाषण गर्दा सबै नेताज्यूहरुले यस कुरालाई बोली रहनु भएको छ तर खै कस्ले यस कुरालाई आत्मसात गरेर अघि बढेका ? जवसम्म राष्ट्रको विकासमा सम्पूर्ण राजनैतिक दलहरुले आपसी समझदारी र सहमतीको वातावरण कायम गरेर अगाडी बढ्दैन तवसम्म नेताहरुको भाषणले मात्र देश बिकास हुन्छ भन्नु एउटा दिवास्वप्न मात्र हुने छ । त्यसैले आजको आवश्यकता भनेको सम्पूर्ण दलहरुको बीचमा आपसी समझदारी एवं सहमतिको वातावरण तयार गर्नु हो । यसको अलावा नेताज्यूहरुमा त्यागमय भावनाको साथ साथै सचरित्रता र इमान्दारीका साथ सादा जीवन उच्च बिचारको आदर्शमय भावनाको अक्षरस पालना गरी अगाडी बढ्न म सम्पूर्ण राजनैतिक दलका साथीहरुलाई हृदय देखी आव्हान गर्दछु ।

मलाई महामानव बुद्धको निम्न वचनले सधै कुट्कुट्याइ रहेको हुन्छ ।

जन्मले नै कोहि ब्राह्मण हुदैन,

जन्मले नै कोहि शूद्र हुदैन,

कर्मले नै ब्राह्मण हुन्छ, कर्मले नै शूद्र हुन्छ

जाति नसोध आचरण सोध ।

उक्त उद्गारलाई आत्मसात गरेर अगाडी बढ्दा सम्पूर्ण नेपालीहरुको हित हुने र देश र समाजको उत्थानमा महत्वपूर्ण योगदान पुग्ने कुरामा म बिश्वस्त छुं ।

अन्तमा म ती ज्ञात अज्ञात शहीद साथीहरुको चीर



Downloaded from http://www.dhamma.digital

आत्माले शान्ति पाओस भन्दै एउटा सानो निवेदन गर्न चाहन्छुं। जसरी १९९७ सालमा ती वीर शहीदहरुले आफ्नो प्राणको समेत आहुती दिंदा सम्पूर्ण साथीहरुको एउटै मात्र उद्देश्य रहेको थियो । त्यो हो एकतन्त्रीय जहानीया राणा शासनको पंजाबाट देशवासीहरुलाई रैतीबाट छुटकारा दिलाई जनता बनाउने र देशमा प्रजातन्त्रको स्थापना गर्ने सोही अनुरुप आज सम्पूर्ण राजनैतिक दलका साथीहरुले राष्ट्रिय सरोकारको बिषयमा विवाद अन्त्य गरी राष्ट्रिय सहमतिमा आउनु पर्‍यो अनि मात्र प्रजातन्त्र र समाजवादले कोरेको सपना साकार होला अन्यथा आजको परिस्थिति कायमै हुने हो भने देश विकासको जग कसरी स्थायी होला ?

दुर्गादास रंजित,
टेकु, पचली



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

# मेरो आफ्नै भनाइ

प्रस्तुत पुस्तकको नाम "बुद्धकालिन प्रजातन्त्र र समाजवाद" राखिदिएं। मैले हालसम्म लगभग ७५ वटा जति पुस्तकहरु लेखिसकें। ती मध्ये यस पुस्तक सबभन्दा नौलो प्रकारको पुस्तक हो। यस पुस्तकलाई पाठकहरु समक्ष राख्न सक्नुको मुख्य श्रेय दुर्गादास रंजित, टेकुलाई जान्छ। वहां कांग्रेसी इमान्दार र पक्का कार्यकर्ता हुनु हुन्छ। हाल वहांको स्वास्थ्य ठीक नभएको हुंदा वहां राजनीति क्षेत्रबाट विरक्तिएर आध्यात्मिक क्षेत्रको विकासतिर लाग्नु भएको छ।

धेरै बर्ष पहिले देखि वहां मेरो लागि परिचित हितैषी हुनु हुन्थ्यो। दुर्गादासज्यू इमान्दार र पक्का बौद्ध उपासक पनि हुनु हुन्छ। हाल मरणानुस्मृति भावना गरिरहनु भएका वहांले जरा जीर्ण भैरहेको उहांको पंचस्कन्दको शरीरलाई छोडेर जानु अगाडि अरुलाई ज्ञानोपार्जन हुन सक्ने केही कीर्तिमय काम गरेर जाने इच्छा व्यक्त गर्नु हुन्छ।

अर्को कुरो – बुद्धको शिक्षा अनुसार अरुको दोष खोज्नु भन्दा आफ्नो गल्ति खोज्नेतिर लाग्नु जाति छ। तर राजनैतिक क्षेत्रमा पनि, धार्मिक क्षेत्रमा पनि ध्यान दिएर हेर्दा खेरि धेरै जसोको चरित्रमा मलिनता नै देखिन आउंछ। सुधारको त के कुरा गर्नु। बरु बुद्धको शिक्षा अनुसार आफ्नो चरित्र सुधार गर्ने तिर ध्यान दिनु नै बेस छ।



Downloaded from http://www.dhamma.digital

यहि कुरा सुनेर मैले बिचार गरें – वहां सांच्चिकै इमान्दार र बुद्धका अनुयायी हुनु हुंदो रहेछ । वहांले आफ्ना छोराछोरीहरुलाई आत्मनिर्भर बनाउनको लागि उहांको तर्फबाट गर्नु पर्ने जति कर्तव्यहरु सबै पुरा गरिसक्नु भयो । आफ्ना परिवारलाई उहांले भन्ने गर्नु हुन्थ्यो ।– "म मरि सकेपछि मेरो नामबाट धर्मकर्म गरी कर्मकाण्ड गर्ने तिर लाग्नु भन्दा मेरो जीवित कालमा नै तिमीहरुले गर्नु पर्ने कर्त्तव्य पालन गर्ने तिर ध्यान दिनु पर्‍यो र मेरो इच्छा अनुसार अहिले नै तिमीहरुले धर्माचरण गरेर देखाउनु पर्‍यो "। यस्तो कुरा त सही बौद्धको मुखबाट मात्र निस्कने गर्छ ।

दुर्गादासले प्रस्तुत पुस्तक लेख्नको लागि मलाई सात, आठ वर्ष अगाडि देखिनै सुझाव दिनु भएको थियो। यो भन्दा पहिले बुद्धको बिचार धारा र आर्य संस्कृति नामक पुस्तकहरु छापेर निशुल्क वितरण गर्नु भयो । त्यसपछि बुद्ध र प्रजातन्त्रको बारेमा लेख्नलाई सुझाव दिनु भएको पनि धेरै वर्ष भइसक्यो। तर मैले आलताल गर्दै थिएं। आलताल गर्नुको कारण – वहां दुर्गादासज्यू कांग्रेसको कर्मठ कार्यकर्ता बहुदलिय प्रजातन्त्रवादी । बुद्धको प्रजातन्त्र चांहि निर्दलिय प्रतिपक्षी रहित प्रजातन्त्र भयो । अब कसरी लेख्ने बुद्ध र प्रजातन्त्र बारे । मलाई अप्ठ्यारो पर्‍यो। वहांले उक्त बिषयमा नै लेख्न दबाव दिइरहनु भयो।

लेख्नु भन्दा पहिले मैले पुस्तक पढदै गएं। तर बिलकुल आजभोलीको लागि उपयुक्त नभएको महसुस भयो। बिरोध गर्न सक्ने र आत्मालोचना गर्ने चाहिं प्रजातन्त्रको अभिन्न अंग नै भयो ।

मैले उहांलाई बुद्धकालिन प्रजातन्त्रको परिचय दिएं । बिरोधी पक्ष नहुने तर बिरोध गर्न सक्ने । यो चाहिं अलि नौलो कुरो भयो । उहांले गम्भीर भएर सोच्नु भयो। उहांलाई पनि अलि अप्ठ्यारै महसुस भयो होला। किनभने वहां त कट्टर कांग्रेसी प्रजातन्त्र



Downloaded from http://www.dhamma.digital

बिचारधाराका कार्यकर्ता हुनु हुन्छ ।

मैले पुस्तक लेखि सकेपछि हस्तलिखित एक प्रति उहांलाई दिएं। बिरोध गर्न सक्ने कुरो पढेर वहां सन्तुष्ट हुनु भयो। आत्मालोचना गर्नु पर्ने यो पनि राम्रै कुरो हो। बुद्ध र प्रजातन्त्रको बदला बुद्धकालिन प्रजातन्त्र र समाजवाद नाम राख्नु नै राम्रो होला भन्ने सुझाव दिनु भयो। वहांको सुझाव मलाई पनि राम्रो लाग्यो। भिक्षु संघको नियम विधान पनि समाजवादी नै हो। प्रजातन्त्र पनि हो। मैले स्वीकार गरें उपरोक्त सुझावलाई।

जे होस, प्रस्तुत पुस्तक लेख्न पाउंदा र दुर्गादास रंजितले प्रकाशित गरिदिनु भएकोले म धेरै नै खुशी छुं। यस पुण्य कार्यद्वारा उहांको स्वास्थ्यको उत्तरोत्तर प्रगति, दीर्घायू उहांको आध्यात्मिक बिकास अझ बढि प्रभावकारी होस् भन्ने कामना गर्दछुं।

क्षेत्रपाटी अफ्सेट प्रेसका मालिक राजेस मानन्धरले विहार सम्म आउनु भई प्रुफ लिने र दिने कार्य गरी सहयोग पुऱ्याउनु भएकोमा उहांलाई पनि धन्यबाद दिन चाहन्छु।

अन्त्यमा फेरि एकपटक दुर्गादास रंजित परिवार सबैको स्वास्थ्य राम्रो होस भन्ने शुभकामना गर्दछुं।

संघाराम ४ कार्तिक २०५५ — भिक्षु अश्वघोष



Downloaded from http://www.dhamma.digital

# बुद्ध र समाजवादी भिक्षु संघ

बुद्ध कपिलवस्तुका राजा शुद्धोदनका छोरा थिए । तर कपिलवस्तु राजतन्त्र राज्य थिएन । आफनै ढंगको शाक्य गणराज्य भनूं या प्रजातन्त्र राज्य थियो । प्रजातन्त्र राज्य भए पनि प्रतिपक्ष भन्ने थिएन तर विरोध गर्ने स्वतन्त्र थियो ।

बुद्ध पहिले राजकुमार सिद्धार्थ गौतमको नामबाट चिनिनु हुन्थ्यो । विवाह पश्चात वहाँलाई एउटा छोरा पनि प्राप्त भएको थियो । पछि राजपरिवारको विलासपूर्ण जीवन र साधारण जनताको सामान्य जीवनका बीच अर्कै प्रकारको मध्यम मार्ग अर्थात शान्तिको बाटो छ की भनी खोज्नु राम्रो होला भन्ने ठानी २९ वर्षको उमेरमा वहाँले राजदरवार छोडेर संघर्षमय (दु:खमय) जीवन बिताउन थाल्नुभयो । त्यस बीच ठूला ठूला आचार्य कहलिएका बिद्वानहरुको संगत गर्नु भयो । तर आफूले चिताएको जस्तो मध्यम मार्ग अर्थात शान्तिको बाटो पाउन सक्नुभएन । सच्चा ज्ञानको अभाव नै रह्‍यो । तव ६ वर्ष सम्म कष्टमय जीवन बिताउनु भयो । पछि सिद्धार्थ कुमारले पर्याप्त खाना नखाईकन तपस्या गरी आफू गलत बाटोमा लागिरहेको महसुस गरी तपस्या गर्न छाड्नु भयो । त्यसपछि सिद्धार्थ एक्लै बुद्ध गयाको बोधिबृक्ष (पिपलको) रुखमुनि बसी स्वतन्त्र चिन्तनले (हिन्दु मस्तिष्कले हैन)



Downloaded from http://www.dhamma.digital

ध्यानमग्न भै (अन्तर्मुखी भई ) बस्नु भयो र वैशाख पूर्णिमाको दिन संसारको वास्तविकता र दुख:मय जीवनको यथार्थताको ज्ञान बोध गर्नु भयो अर्थात चार आर्यसत्य र आर्य अष्टांगिक मार्गको बोध भयो। संसार दु:खले व्याप्त छ, दु:खको कारण तृष्णा र आशक्ति अर्थात जति भएपनि नपुग्ने अतृप्ति हो। दु:खको अन्त्य पनि हुन सक्छ र दु:ख अन्त्य गर्ने बाटो पनि छ भनि बुझ्नु भयो। त्यो बाटो हो आर्यअष्टांगिक मार्ग। दु:ख अन्त्य हुने मार्ग हुन् :-

१. सम्यकदृष्टि:-

ठीक समझदारी मतलव सही ढङ्गले बुझ्नु।

२. सम्यक संकल्प:-

ठीक सोचाई अर्थात नियत राम्रो हुनु।

३. सम्यक वचन :-

ठीक कुरा गर्नु अर्थात भनाई र गराईमा फरक नहुनु।

४. सम्यक कर्म :-

गलत तरीकावाट काम नगर्नु।

५. सम्यक आजीविका :-

जीवन शैली स्वच्छ हुनु, जीविका निर्दोष हुनु।

६. सम्यक व्यायाम :-

ठीक प्रयत्न मतलब अति परिश्रमी र अल्छी दुवै नहुनु।

७. सम्यक स्मृति :-

ठीक होशमा हुनु, संधै सचेत भै रहनु।

८. सम्यक समाधि :-

चित्त एकाग्र हुनु, आफ्नो काममा चित्त दृढ राख्नु।



Downloaded from http://www.dhamma.digital

सिद्धार्थ गौतमलाई उपर्युक्त ज्ञानको राम्रो बोध भयो मतलब बुद्धत्व लाभ भयो। बुद्धको अर्थ नै बोध हुनु हो। बुद्धत्व लाभ पछि वहाँलाई अपूर्व शान्तिको अनुभव भएको कुरा पालि साहित्यमा उल्लेख भएको पाईन्छ।

सिद्धार्थ कुमारले राजदरवार त्यागेर भिक्षु जीवन अपनाएको व्यक्तिगत सुख र मुक्तिको लागि होइन अपितु अज्ञानी र दु:खीहरुको उद्धारको बाटो देखाउनको लागि नै हो। त्यसताका दुई थरीका मानिसहरु थिए :- एक थरी सुख सुविधा र विलासितामा लागि रहेका छन् भने अर्को थरी जीवन निर्वाह गर्न नसक्दा चिन्ताले पीडित भई पेट भरी खान नपाएका व्यक्तिहरु देख्नु भयो। तब उनीहरुलाई मध्यम मार्गको ज्ञान प्रचार गर्नु पर्ने बारे वहाँको मनमा महसुस हुन थाल्यो।

यसरी विचार गरेर गौतम बुद्ध बुद्धगयाबाट सरासर पञ्चभद्र वर्गीयहरु रहेको ठाउँ सारनाथ जानु भयो। गौतम बुद्धले मधुर स्वरले मैत्रीपूर्वक उनीहरुलाई सम्बोधन गरी भन्नु भयो:- भद्र साथीहरु! मैले पहिले कहिले नसुनेको थाहा नपाएको चार आर्य सत्य र दु:खबाट मुक्तहुने आर्य अस्टांगिक मार्ग ज्ञानको विषयमा मेरो आँखा खुलेको छ। मलाई ज्ञान लाभ भएको छ। ममा प्रज्ञा उदय भएको छ, विद्या बढेको छ, उज्यालो फैलेको छ अर्थात म भित्र अन्धकार लोप भएको छ। कुसंस्कार, अन्धविश्वास जम्मै हराएर गयो। यस विषयमा मैले अभ्यास गरिसके पछि अनुभव गरेर साक्षात्कार पनि गरें।

वहाँले फेरी भन्नु भयो - राम्रो संग ध्यान दिएरसुन्नु होस्



Downloaded from http://www.dhamma.digital

आर्य अष्टांगिक मार्ग र चार आर्य सत्यको राम्रो ब्याख्या गर्दछु। यसको सही ज्ञान नभएकोले संसार अनेक समस्याबाट जटिल भैरहेको छ। चार आर्य सत्यलाई नबुझ्नुको कारण मानिसहरु दुई अन्त्य (छेउ र अतिमा) लागेका छन्। ती दुई अन्त्यहरु हुन् :- पञ्चकाम= पाँच प्रकारका ईच्छाहरु जस्तै आँखाले रुप हेरी आसक्त हुनु, कानले शब्द सुनी रसस्वादमा लिप्तहुनु, नाकले गन्ध सुंघी त्यसैमा टाँसि रहनु, जिब्रोले रसस्वाद गरी पल्किनु, शरीर ले स्पर्श गरी मोहितहुनु। यी पाँच भौतिक सुखमा आसक्त भई विलासितामय जीवन बिताईरहनु अतिमा लाग्नु एक प्रकारको अतिमा लाग्नु हो।

अर्को अति मार्ग - आवश्यक मात्रामा खाना नखाईकन अस्वाभाविक तपस्या गरी शरीरलाई दु:ख दिईरहनु, अन्धविश्वासमा विश्वास गर्नु दोश्रो अन्त्य हो। आर्थिक र सामाजिक दृष्टिकोणले तपस्या गर्नु मात्र अतिमार्ग होइन, अधिकांस जनता आधारभूत आवश्यकता सम्म पनि पूर्ति गर्न नसकी अर्थात खाना, लत्ता कपडा र आवास र औषधोउपचार नपाई कष्टमय जीवन बिताईरहनु अर्को एक अति वा अन्त हो। दुई अन्त्य वा अति भनेको विलासितामय जीविका गरिरहेका धनी वर्ग र गरीब वर्ग हुन्। यी दुई अतिमार्गमा नलागी मध्यम मार्ग (मध्यम वर्ग) को अनुशरण गर्न सकेमा आर्य सत्य र आर्य अष्टांगिक मार्गमा लाग्न र अभ्यास गर्न सकिन्छ। तपस्या गरेर दु:खबाट मुक्त हुन सक्दैन। धनी वर्गले गरीव वर्गलाई सहयोग दिएको खण्डमा मध्यम मार्गमा लाग्न सक्लाकि !



Downloaded from http://www.dhamma.digital

उपर्युक्त कुरा सुनी पञ्च भद्रवर्गले आपसमा कुरा गर्न थाले-"सिद्धार्थ गौतमले यस्ता कुरा पहिले कहिले पनि भन्नु भएको थिएन। तपस्या छोडेर कसरी यस्तो ज्ञान अनुभव गरेको होला, अहिले सिद्धार्थको अनुहार पनि तेजिलो छ। व्यक्तित्व निकै प्रभावशाली छ। स्वर पनि निकै मधुर छ। साँच्चै उनले ज्ञान लाभ गरेका छन् की! तर बुझ्न नसकिने कुरा एउटा भन्नुभयो- तपस्या गर्नु व्यर्थ छ रे! तपस्या गरेर दुःखको अन्त्य नहुने रे! हामीले उनले भन्दा बढी तपस्या गर्‍यौं। हामी चाहीं जस्ताको त्यस्तै छौं। केही पनि ज्ञान हासिल गर्न सकेनौं। हुन सक्छ सिद्धार्थ गौतमले नयाँ बाटो र नयाँ ज्ञान फेला पारेको छ। हामी त दुई अंन्त्य मध्ये एउटामा परेका छौं। पुरानो संस्कारलाई तिलाञ्जली दिएमा सिद्धार्थको कुरा बुझ्न सकिएला कि। हामी गलत बाटोमा हिंडेका छौं कि जस्तो लागेको छ।

उनीहरुले गौतम बुद्धको सन्देशलाई खुब गम्भीर र स्वतन्त्र चिन्तनले विचार गर्न लागेपछि उनीहरुमा ज्ञानको मूल फूटेर आयो। उनीहरुले महसुस गर्न थाले- सिद्धार्थको भनाई ठीक छ। सबैभन्दा पहिले कोण्डण्यले कुरा बुझ्यो। सात दिनपछि अरु ४ जनाका अन्धविश्वास, पूर्वाग्रह कुसंस्कार हटेर उनीहरु पनि बोध भए। बुद्धको शिक्षा र प्रजातन्त्रलाई स्वतन्त्र चिन्तन र स्वच्छ विचारले (परम्परागत पुरानो संस्कारले होइन) सोच्न सके मात्र बुझ्न सकिन्छ अन्यथा बुझ्न सजिलो हुने छैन। बुझेर पनि व्यवहारमा उतार्नु झन् गाह्रो छ। सांचै भनु भने जति बुझ्यो उति गाह्रो भने जस्तै हुन्छ। किनभने पुरानो संस्कार र अन्ध विश्वासबाट मुक्त हुनु सजिलो कुरा होइन।



Downloaded from http://www.dhamma.digital

बुद्धको प्रथम सन्देश धर्मचक्र प्रवर्तनपछि सारनाथमा भिक्षुहरुको संख्या ६० पुगेको हो । त्यसपछि बुद्धले समाजवादी भिक्षु संघ स्थापना गर्नुभयो । भिक्षु संघलाई व्यक्तिगत सम्पत्ति राख्न मनाही गर्नुभयो । अति आवश्यक लत्ताकपडा, भिक्षापात्र, सियो धागो आदि सामान मात्र निजीरुपमा राख्न पाउने नियम बुद्धले बनाइदिनुभयो । दानमा प्राप्त हुने ठूलठूला वस्तुहरु सबै सांघिक (सामूहिक) बनाइ दिनु भयो । व्यक्तिगत दानभन्दा संघलाई दिएको दानको महत्व बढी छ भन्नुभयो । व्यक्तिगत दानलाई निरुत्साहित पार्नुभयो र सामूहिक दानलाई महत्व दिनुभयो । पछि गौतम बुद्धले भिक्षुहरुको संरक्षण र चिरस्थायी गरी जीवन नैतिकतापूर्ण बनाउनका लागि आधारभूत आवश्यकताको रुपमा चार चीजको व्यवस्था नभै हुँदैन भन्नुभयो । ती चार चीजहरु हुन् १) चीवर (वस्त्र) २) पिण्डपात्र (आहार खाना) ३) सयनासन (बस्ने ठाउँ बिछौना) ४) गिलान प्रत्यय (औषधोपचार) । यी चार वस्तुहरुको व्यवस्था नभएमा भिक्षुहरुको जीवन नैतिकतापूर्ण हुन सक्दैन । यस कुराले के बुझिन्छ भने बुद्ध धर्म सिंगै आध्यत्मिकवाद पनि होइन भौतिकवाद पनि होइन । यी दुईबीच परस्पर घनिष्ट सम्बन्ध छ तर त्यो जीवन आर्थिक व्यवस्थामा निर्भर छ । आर्थिक व्यवस्था न सुध्रिएमा धर्म, प्रजातन्त्र, संस्कृति, भाषा, र इतिहासको अस्तित्व रहँदैन । यी वस्तु सबै म्युजियममा राख्नलायक हुनेछन्, सजीव हुँदैनन्, मृत्यु प्राय: हुनेछ ।

गौतम बुद्धले यशकुमार प्रमुख भिक्षुहरु ६० जवान पुगेपछि संघ स्थापना गर्नुभयो र तीन महिना तालिम दिनुभयो । उनीहरु सबै अरहन्त (निर्दोषीयोग्य) बनिसकेपछि भिक्षु संघलाई धर्म प्रचार गर्न निर्देशन दिनुभयो ।



Downloaded from http://www.dhamma.digital

# बुद्धको प्रजातान्त्रिक निर्देशन

गौतम बुद्धले पञ्च भद्रवर्गीहरु र यशकुमार सहितका भिक्षुहरुको संख्या ६० जवान पुगेपछि संघ स्थापना गर्नुभयो। तीन महिना सम्म भिक्षु संघलाई तालिम दिनु भयो । उनीहरु सबै अरहन्त (योग्य निर्लोभी) बनिसकेपछि भिक्षु संघलाई प्रजातान्त्रिक सन्देश दिनु भयो

"चरथ भिक्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय

लोकानुकम्पाय अत्थाय हिताय सुखाय .........

अर्थात - हे भिक्षुहरु ! धेरैजनाको हित सुखको लागि गाउँ गाउँ, नगर नगर चारिका गर्न जाउ, लोकको हितको लागि करुणा राखि घुम्न जाउ। यहाँ उल्लिखित बहुजन हिताय, बहुजन सुखाय लोकानुकम्पाय तीन वचन समान समाजवादी प्रजातन्त्रवादी मन्त्र मानव इतिहासमा कसैले भनेको छैन भन्नु उत्युक्ति हुँदैन होला। बहुजन हिताय वचनमा धनी गरीब कुनै प्रकारको भेद छैन। मानव मात्रको कल्याणको अर्थ समावेश भएको यो कम महत्वको कुरा होइन।

गौतम बुद्धले स्थापना गर्नु भएको भिक्षु संघ सार्वभौमिक प्रजातान्त्रिक संस्था हो। मानव ईतिहासमा त्यस्ता क्रमानुकुल



Downloaded from http://www.dhamma.digital

संस्था स्थापना गर्नु हुने पहिलो व्यक्ति गौतम बुद्ध नै हुनुहुन्छ। त्यस संस्थाका सदस्यहरुलाई संघ नाम बाट चिनिन्छ।

पुरुष पक्षलाई "भिक्षु" र स्त्री पक्षलाई "भिक्षुणी" भनि व्यवहार गरिन्छ। त्यस भिक्षु संघमा जाति भेदको प्रश्न उठ्दैन। जसरी गंगा, जमुना, अचिरवती, बागमति नदीहरु समुद्रमा विलिन भईसकेपछि नुनिलो रसमा परिणत हुन्छ त्यस्तै भिक्षु संघमा गईसकेपछि जाति भेदको अन्त्य हुनेछ, एउटा मात्र रस हुन्छ विमुक्ति रस। तर त्यस संघमा प्रवेशको लागि योग्यता हुनु पर्छ। सरुवा रोगी, अपांगहरु, दासहरु, ऋणीहरु, सरकारी सैनिक, लंगडाहरु, लाटो, बहिरा, अन्धा, काना, अपराध मुद्दामा परेकाहरुलाई संघमा प्रवेश निषेध छ। धेरै समस्या र झमेला आईपरेकाले उपरोक्त नियम पछि लागु भएको हो। बुद्धको ख्याति बढेपछि निशुल्क खाना पाएकोले र निशुल्क उपचार पाइने भएकोले धेरै नै कुष्ट र सरुवा रोगीहरु पनि भिक्षु बन्न पुगे। जीवन रक्षाको लागि सैनिकहरु पनि भागेर भिक्षु बन्न पुगे। ऋण तिर्न नसकेर धेरैजना भिक्षु हुन पुगे। त्यसले गर्दा ठूलो समस्या आईपरेको थियो। सरकार तर्फबाट भिक्षुहरुले दण्ड भोग्नु परेको थियो।

ठूलो जीवक वैद्यलाई दरवारी निजी वैद्यको रुपमा नियुक्त गरिदियो। तर भिक्षु हरुलाई मात्र निशुल्क उपचार गर्ना निमित्त राजाको आज्ञा थियो। त्यसैले धेरै सरुवा रोगीहरुले पनि भिक्षु बन्नको लागि संघमा प्रवेश गरे। रोग निको भैसकेपछि पहेंलो वस्त्र छोडी घर जाने गर्दथे। त्यसैले रोगीहरुलाई भिक्षु बन्न निषेध गरेको थियो। (महावग्ग)



Downloaded from http://www.dhamma.digital

*संघको महत्व:-*

संघको अर्थ समूह हो । सांघिक भनेको सामूहिकलाई भनिन्छ। संघ संस्थाको संस्थापक बुद्ध स्वयंले संघलाई सम्मान गर्नु हुन्थ्यो । आफ्नै कान्छि आमा-प्रजापति गौतमीले बुद्धको लागि नै भनेर चीवर सिलाई दान दिन ल्याएकी थिईन् । अनि बुद्धले भन्नु भयो- गौतमी ! संघलाई दिनुस्, संघलाई दिए पछि मलाई पनि दिएको हुन्छ, संघलाई पनि दिएको हुन्छ । त्यस अवसरमा बुद्धले संघको गुण वर्णन गर्नु भएको थियो । संघ (सुपटिपन्नो) राम्रो व्यवहार भएको, (उजुपटिपन्नो) सिधा मार्गमा लागेको, (ञायपटिपन्नो) न्याय अनुसार चल्ने, (सामीचिपटिपन्नो) अति प्रशन्न मुद्रामा कुरा गर्ने, (आहुणेय्यो, पाहुणेय्यो, दक्खिणेय्यो, अञ्जली करणीयो) स्वागत गर्न योग्य, सत्कार गर्न योग्य, हात जोडी नमस्कार गर्न योग्य, दक्षिणा दिन योग्य, भिक्षु संघ पुण्य क्षेत्र हो भनि संघको गुणगान गर्नु भयो। संघका सदस्यहरु योग्यतापूर्ण हुनुपर्ने कुरा स्पष्ट हुन आउँछ । बुद्धले स्थापना गर्नु भएको संघ सारै अनुशाशित र संगठित भएको थियो ।

एक दिन भिक्षु आनन्द भिक्षु समूह साथ लिई देवकट सोब्भ भन्ने ठाउँमा जानु भएको थियो। त्यस बखत त्यहाँ अबौद्ध सन्दक नामक परिव्राजक ठूलो संख्यामा आफ्नै शिष्यहरुको समूह बीच बसिरहनु भएको थियो। त्यहाँ उनीहरु ठूलो स्वरले हल्ला गरी हाँस्दै गफ गर्दै थिए। भिक्षु आनन्द भिक्षु समूह संगै आफ्नो आश्रमतिर आईरहनु भएको देखेर अरु परिव्राजक लाई सम्बोधन गरी भन्नु भयो - हल्ला नगर, नहास्नु, श्रमण गौतमका शिष्य भिक्षु आनन्द



Downloaded from http://www.dhamma.digital

यतातिर आउँदै हुनुहुन्छ। भिक्षुहरु शान्त प्रेमी, धेरै हल्ला नगर्ने मात्र होइन, हल्ला सुन्न नचाहनेहरु। चुप लाग्नुस। सबै चुप लागे।

गौतम बुद्धले भिक्षु संघलाई बाटोमा हिंड्दा खेरी, खाना खाँदा खेरी, वस्त्र पहिरन गर्दा खेरि,चर्बिमा दिशा पिशाब गर्दा खेरी, कुरा गर्दा खेरी कसरी संयमित हुनुपर्छ भन्ने विषयहरुमा खुब राम्रो संग तालिम दिनु भएको थियो भन्ने कुरा उपर्युक्त भिक्षु आनन्दको बारेमा परिव्राजक सन्दकले प्रकट गरेको कुराबाट थाहा पाउँछौं। अत: प्रजातन्त्रमा संयमित र अनुशाशन प्रिय हुनु अति आवश्यक अंग हुन आउँछ। भिक्षु नियम र अनुशासन सम्बन्धि धेरै कुरा महावग्ग, चूलवग्ग पुस्तकहरुमा समावेश भएको पाउँछौं।

- *जसले अलिकति मात्र पनि पवित्र ग्रन्थ त्रिपिटकका कुराहरु पढ्ने, बोल्ने गर्दछ, धर्मलाई धर्मानुसार अभ्यास गर्दछ, राग, द्वेष, मोहलाई हटाई धर्मलाई शुद्ध रुपमा निरीक्षण, परीक्षण गर्दछ उसको चित्त सम्पूर्ण क्लेशहरुबाट मुक्त हुन्छ। उ यस लोक र परलोकमा कहिं पनि अल्झिदैन। यस्ता व्यक्ति श्रमणत्व प्रतिफलका भागीदार बन्न सक्छ।*
- *पानीबाट अलग्गीई सुख्खा जमीनमा पर्नु पर्दा माछा जसरी छट्पटिन्छ त्यसरी नै मारको क्षेत्रमा (विषय वासना) बाट अलग्गीनु पर्दा यो चित्त छट्पटिन्छ।*
- *स्वर्ग लोक जानु तथा सम्पूर्ण विश्वमा अधिपत्य जमाउनु भन्दा श्रोतापति फल लाभ गर्नु अति नै श्रेष्ठ छ।*

- धम्मपद



Downloaded from http://www.dhamma.digital

# प्रजातन्त्रात्मक भिक्षु संघ कर्म

कोहीपनि ब्यक्ति भिक्षु संघमा सदस्य बन्नको लागि उपसम्पदा दीक्षा लिनु पर्दछ। भिक्षु संघ जमा भए पछि एकजनाले प्रस्ताब राखिन्छ- श्रद्धेय भिक्षु संघ, मेरो कुरामा ध्यान दिनु हुन अनुरोध गर्दछु- एक जना भिक्षु बन्न ईच्छुक (उपसम्पदापेक्षी) यहाँ छ, यदी संघको मन्जुर छ भने यसलाई भिक्षु बनाई दिउँ। सहमति छैन भने बोल्नुहोस्। सहमति छ भने मौन बस्नुहोस्। प्रस्ताव पछि तीनचोटी भिक्षु संघको सहमति भएकोले फलाना ब्यक्तिलाई उपसम्पदा दीक्षा दिई भिक्षु बनाईएको छ भनि सूचना गरिदिने चलन छ। यो प्रजातन्त्र तरिका हो। उपसम्पदा पछि भिक्षु नियम बताई दिन्छ र अनुशासन पनि सिकाईन्छ।

भिक्षु संघमा विरोधी गुट हुँदैन। चित्त नबुझे बिरोध गर्न सकिन्छ। संघको अगाडी नै बिरोध गर्न सक्नुपर्छ। बाहिर गएर बिरोध गर्न अनुमति छैन, नियम छैन। बिरोध गर्नु प्रजातान्त्रिक हक र लक्षण हो तर बिरोधी पक्ष चाहिं हैन। यो वर्तमान प्रजातन्त्र भन्दा धेरै फरक देखिने बुद्धको प्रजातान्त्रिक लक्षण हो। बिरोधी पक्ष नभएको प्रजातन्त्र वर्तमान संसदीय प्रजातन्त्रलाई अपच्य हुन सक्छ। मतदानको पनि व्यवस्था छ। संघको निर्णय चित्त नबुझे मतदान हुने गर्दछ। दण्ड विधान पनि संघको सहमति अनुसार हुन्छ।



Downloaded from http://www.dhamma.digital

# सम्पत्ति सम्बन्धि समाजवादी व्यवस्था

विनय पिटकमा उल्लेख भए अनुसार संघको सम्पत्ति सम्बन्धि अधिकारको व्यवस्था विधि विधान बिलकुल समाजवादी तरीका हो। बुद्ध शासनकोलागि भनी दान दिएको वस्तु सामूहिक रुपमा स्वीकार गरी सामूहिक रुपमा प्रयोग गर्नु बुद्धको पाला देखि चलि आएको चलन हो। खेत आदी जमीन अचल सम्पत्ति आदी वस्तुहरु सांघिक रुपमै स्वीकार गर्ने तरिका विनय पिटकमा राम्रो संग उल्लेख गरिएको पाईन्छ। समाजवादी राज्य व्यवस्थामा व्यक्तिगत रुपमा प्रयोग गर्ने अधिकार छ त्यस्तै शेष पछि परिवार छोराछोरीहरुलाई प्रयोग गर्न सक्ने गरी व्यवस्था मिलाईएको छ। तर हाल विनय पिटकमा उल्लेख भए अनुसार भिक्षु संघमा त्यस्तो व्यवस्था देखिंदैन। यदि कोहि भिक्षुको व्यक्तिगत धन वस्तु छ भने उसले उपभोग गर्न सक्नेछ तर त्यस भिक्षुको मृत्युपछि त्यसको सम्पत्तिको अधिकार संघको हुनेछ। जिवित काल सम्म मात्र उसको व्यक्तिगत अधिकार हुन्छ। शेष पछि परम्परागत अधिकारको कुरो आउँदैन।

समाजवादी देश र राज्यमा धन अथवा राजस्व जम्मा गर्नु सरकारको दायित्व र कार्य हो। सरकारले राजस्व जम्मा गर्ने देश र जनताको रक्षा र समृद्धिको लागि हो। तर भिक्षु संघमा धेरै धन संग्रह गर्नलाई अनुमति दिईएको छैन। किन कि पछि गएर



Downloaded from http://www.dhamma.digital

व्यक्तिगत अधिकारको कुरा उठ्न सक्ने सम्भावना छ। तृष्णा उत्पन्न हुन सक्छ। वैराग्य चिन्तन लिएर घर त्यागी आएका प्रव्रजित भिक्षुहरुलाई धनको त्यति आवश्यक छैन। तैपनि भिक्षु जीवनका लागि चतुप्रत्यय, चीवर= लत्ताकपडा, पिण्डपात्र= (खाना), सयनासन= (बासस्थान), गिलानप्रत्यय= (औषधोपचार) को व्यवस्था हुनु अनिवार्य छ। यी आवश्यक वस्तु सम्पादन गर्नु पर्ने पैसा बाटै हो। विहार निर्माण र संरक्षणको लागि धन नभै नहुने भयो। धनको संकलन गर्दा भिक्षुत्वमा दूषित वातावरणको प्रभाव नपरोस भन्ने अभिलाषाले बुद्धले सांघिक व्यवस्थाको निर्देशन दिनु भएको हो। सामूहिक भएको खण्डमा धनको सदुपयोग हुन सक्छ र भिक्षु जीवनलाई तृष्णाले शोषण गर्न नपाउने हुने भयो।

सांघिक (सामूहिक) प्रथाले गर्दा कुनैपनि भिक्षुले व्यक्तिगत धन संचय गर्न लाई रोक लगाईएको छ। तैपनि बुद्ध शासनको लागि दान आएको धन सांधिक (सामूहिक) प्रयोगको लागि आएको ठान्नु पर्छ र संघको लागि आएको दान भिक्षु संघका सदस्यहरुको लागि र बुद्ध शासन चिरस्थाईको लागि ठानी संरक्षण गर्नु सबै भिक्षुहरुको दायित्व र कर्तव्य हो। यसो हुंदाखेरी तृष्णाको सम्भावना कम हुन्छ। अनि व्यक्तिगत भावनाको ठाउँमा सामूहिक भावना उत्पन्न हुनेछ। सांघिक वस्तुको संरक्षण श्रद्धा गौरव भावले गर्नु पर्छ न कि स्वार्थ भवना राखी। आफ्नो सुख सुविधाको लागि होइन संघको सुख सुविधा र संरक्षणको लागि हो।

तर आज भोलि उपर्युक्त सांघिक नियम विनय पुस्तकमा मात्र सीमित देखिन्छ। विहार विहारमा अक्षयकोष स्थापना गर्ने



Downloaded from http://www.dhamma.digital

चलन चल्ति भइ रहेको छ, त्यस्तो गर्नु वातावरणले बाध्य तुलाएको छ । विहार विहारमा चतुप्रत्यय व्यवस्थाको अभाव छ। व्यक्तिगत रुपमा दान प्रदान दिने चलनचलल्ति बढी देखिन्छ। सांघिक दान दिए पनि व्यक्तिगत हुन पुग्छ। श्रीलंकामा राजाहरुले भिक्षु संघको संरक्षण र बुद्ध शासन चिरस्थाई होस भनी भिक्षु संघलाई हजारौं रोपनी जग्गा दान दिएको थियो। अंग्रेजी सर कारले विहारमा बस्ने भिक्षुको व्यक्तिगत अधिकार र परम्परागत अधिकार भएको नियम बनाईदिएर सांघिक प्रथाको अस्तित्व नै मिटाइ दियो । शिष्यपरम्पराको अधिकार भएको नियम कायम गरीदियो ।

*

- *अरुको दोष खोजी हिंड्ने बानी नगर, अरुले के गरेका छन्, के गरेका छैनन्, त्यसलाई पनि वास्ता नगर । आफूले गरेको र नगरेको राम्रा, नराम्रा कामहरु उपर मात्र विचार गर्ने गर ।*
- *अरुहरुलाई जितेर विजय हुने होइन, आफूलाई जित्नु नै सही विजय हुन्छ । नित्य सचेत भई सदाचरण गर्ने, आफूलाई शान्त पार्न सक्ने पुरुषको विजयलाई देवले, गन्धर्वले, तथा ब्रम्ह समेत कसैको मारले समेत पराजित गर्न सक्दैन ।*
- *गाडी राखेको धन देखाईदिने हितैषीले झैं आफ्नो दोष देखाईदिने, कोट्याइ-कोट्याई भनिदिने, अनुशासन सिकाईदिने, अर्ति उपदेश दिने मेधावी पण्डितजनको भजन वा सत्संगत गर्ने व्यक्तिको भलो मात्र हुन्छ, हानी कहिल्यै हुदैन ।*

- धम्मपद



Downloaded from http://www.dhamma.digital

# भिक्षु संघमा प्रजातान्त्रिक लक्षण

भिक्षु संघको समाज प्रजातान्त्रिक तरिकाबाट निर्माण भएको भएतापनि वर्तमान संसदिय प्रजातन्त्रको लक्षणसित भने बिलकुल मेल न खाने देखिन्छ। वर्तमान प्रजातंत्र पद्धतिमा प्रतिपक्ष भनूं या विरोधी पक्ष हुनु अनिवार्य छ। बुद्धकालीन प्रजातान्त्रिक भिक्षु संघमा प्रजातान्त्रिक राज्यमा प्रतिपक्ष थिएन। उदाहरणकालागि वैशाली लिच्छवि प्रजातंत्री हरुलाई बुद्धले निर्देशन दिनु भएको महापरिनिर्वाण सूत्र अनुसार सबै मिलीजुली एकमत भई काम गर्नु , एकता भई देश र जनताको समृद्धि हुने काम गर्नु नै कल्याण छ। वर्तमान प्रजातन्त्रमा प्रतिपक्ष हुनुपर्ने विचार बुद्धको प्रजातन्त्र विचारको विलकुल प्रतिकुल भएको देखिन्छ। पालि विनय पिटकमा उल्लेख भए अनुसार फुटेर छुटेर काम गर्नेलाई अनुमति दिइको छैन। भिक्षु संघको संचालन स्वेच्छाचारी भई फुटेर काम गर्नु अधर्म र अविनय काम हुनेछ। विरोध गर्न स्वतन्त्र छ। विरोध गर्नु प्रजातन्त्रको एक अंग र लक्षण हो। बुद्धले भन्नु भएको थियो विरोध गर्नेहरु नभए मानिस अधिनायकवादी र स्वेच्छाचारी हुनसक्छ। उहाँले फेरी भन्नु भयो विरोध गर्नेहरुको कारणले नै उहाँ बुद्ध हुन सकेको हो। विरोध गरेको खण्डमा रीस र द्वेषभाव नराखी विवेक र बुद्धि प्रयोग गरी के कारणले विरोध गरेको भनी सोचि सम्झि सुधार तिर



Downloaded from http://www.dhamma.digital

लम्कनु पर्छ, ध्यान दिनु पर्छ । प्रजातन्त्रको सार तत्व फुटेर बस्नुमा होइन, मिलेर काम गर्नुमा छ। "सुखा संघस्स सामग्गी" अर्थात एकता मै भिक्षु संघको सुख छ । तर आज भोली संघका अधिकारी जिद्दि र स्वेच्छाचारी भइ कसैको सल्लाह अनुसार काम नगरी कट्टरपन्थी बन्ने बानीभएकोले एकतामा बाधा भएको छ र भईरहेको छ । आफनो तर्फबाट गल्ति हुन गए आत्मालोचना गरि गल्ति स्वीकार गर्नु सक्नु पर्छ । गल्ति हुनु स्वभाविक हो । तर बारम्बार गल्ति गरिरहनु बुद्धिमानी होइन । यसो गर्नु महापाप हो ।

भगवान बुद्धले भिक्षुहरुलाई एउटा नियम बनाईदिनु भएको छ, महिनाको दुई पटक औंसी र पूर्णिमाको दिनमा भिक्षुहरु जम्मा भइ प्रातिमोक्ष भिक्षु नियम संस्मरण गरी आत्मालोचना गर्नुपर्ने नियम छ। एक अर्कालै सचेत गर्ने चलन छ, आईन्दा यस्तो गल्ती नगर्ने भनी । यो बुद्धको सहि प्रजातान्त्रिक चरित्र भन्नु अत्युक्ति नहोला ।

भिक्षु संघको अर्को उल्लेखनीय प्रजातन्त्रको लक्षण हो बहुमतले पास गरेपनि यदि त्यो अधार्मिक र अन्यायी कुरा हो भने त्यसलाई मान्यता दिनु र मान्नु आवश्यक छैन। विनय अनुसार अधर्म र विनय नियम विरुद्ध छ भने अस्वीकार गर्न सक्ने विनय प्रावधान छ ।

उदाहरणको लागि वैशालीका भिक्षु समूहले केही विनय नियम ठाउँ अनुसार परिवर्तन गर्नु पर्ने र गरे पनि हुन्छ भन्ने प्रस्ताव ल्यायो। दशवटा नियम एकैचोटी फेर्ने र बदल्ने प्रस्ताव ल्यायो । दश वटामा केही यहाँ उल्लेख गर्न उपयुक्त ठान्दछु । अपरान्ह ठ्याम्मै (१२ बजे) भन्दा केही मिनेट नाघे सम्म अर्थात



Downloaded from http://www.dhamma.digital

आफ्नो टाउकोको छाँया खुट्टाले टेके भन्दा दुइ अंगुली ढल्के सम्म भोजन गर्न हुने, नगन्य मात्रामा भिक्षु हरुले नून बोक्न पाउनु पर्ने, थकाईको कारण एकै दिनमा अपरान्ह भित्र दुइ ठाउँमा भोजन गर्न पाउनु पर्ने, पैसा र सुन चाँदी छुन हुने आदी थिए। यो बुद्ध परि निर्वाण हुनु भएको एक सय वर्ष पछिको घटना हो। यी प्रस्ताव वास्तवमा व्यवहारिक थियो

प्रगतिशील पक्षबाट राखिएका यी भिक्षु नियमका परिवर्तनहरु परम्परावादी हरुले रुचाएनन् र फलतः भिक्षु संघमा विद्रोहको स्थिति आयो ।

वैशाली भिक्षुहरुको धारणा थियो- बुद्धको उपदेश सकेसम्म बढि प्रचार गर्न र सर्वसाधारणलाई पनि भिक्षु जीवन सुलभ गराउन तिनीहरुले बुद्धले आफ्नो अन्तिम समयमा भन्नु भए जस्तै भिक्षुहरु सहमत भए साना तिना नियम छोड्न सक्छ, बुद्धले बनाउनु भएका केही सानातिना नियम परिवर्तन गर्न चाहे। गाउँ गाउँ नगर नगर चारीका गर्दै बुद्धको विचार धारा प्रचार गर्नु पर्ने हुनाले तिनीहरुले दश मागहरु राखेका थिए । जुन कि पटक्कै अस्वाभाविक थिएनन्। तैपनि तत्कालीन वरिष्ठ भिक्षु रेवतलाई परम्परावादीहरुले आफ्नो पक्षमा लिए भने उनको शिष्य भिक्षु उत्तरलाइ प्रगतिशील भिक्षुहरुले आफनो पक्षमा लिए। परम्परावादी बृद्धहरु एकातिर थिए भने प्रगतिशील युवाहरु अर्को तिर थिए। फलतः बुद्ध परिनिर्वाणको ठीक १०० वर्ष पछि ई. पू. ३८३ मा शक्तिशाली मगधको राजा कालाशोकको संरक्षणमा परम्परावादी (कट्टरपन्थी) वृद्ध भिक्षुहरुले दोस्रो संगायनाको आयोजना गरे । त्यसबेला वैशालीमा (७००)



Downloaded from http://www.dhamma.digital

सातसय अर्हतहरुको सहभागिता रहेको ८ महिना सम्म चलेको सो सम्मेलन परम्परावादी बृद्ध भिक्षुहरुको थियो र त्यसैले स्थविर (=बृद्ध) वाद वा थेरवादको नामले प्रख्यात भयो । यहि थेरवाद मात्रै आज बुद्धको मौलिक विचारधारा लिएर हाम्रो अगाडि उपस्थित छ । हीनयानको एकमात्र प्रतिनिधि आज हाम्रो सामु यहि मात्र छ ।

वैशालीका युवा भिक्षुहरु संख्यामा थेरवादी भन्दा बढी थिए । तिनीहरुले पनि आफ्नो छुट्टै महाधिवेशन कौशाम्बीमा राजा मण्डलीको संरक्षणमा गरे । सो अधिवेशनमा बढी भिक्षुहरुको सहभागिता हुनाले त्यसबाट बनेको सम्प्रदायलाई महासांघिक भनियो । उक्त अधिवेशनको अध्यक्ष (सभापति) अर्हत भिक्षु महादेव थिए ।

वैशालीका वज्जिय युवा भिक्षुहरुको दशवटा प्रस्तावलाई बहुमतले पास गरेको अर्थात बहुसंख्यक भिक्षुहरु त्यस दश वस्तु नियममा सहमत थिए । तैपनि अल्पमतमा परेका परम्परावादीहरुको विरोधले गर्दा दश वस्तु ठीक छ छैन जाँच गर्न कमिटी गठन गरे । त्यो कमिटीले युवा वज्जी भिक्षुहरुको दश वस्तु प्रस्ताव अवैधानिक ठहराइ दियो । त्यसलाई अधार्मिक र अवैधानिकको रुपमा सम्मत गरिदिए । यसले के स्पष्ट हुन्छ भने बहुमतले पास गरे पनि यदि त्यो अधार्मिक र अन्यादी भएको खण्डमा अल्पमतको निर्णय पनि मान्य ठहरिन्छ । जनसमर्थन अल्पमतमा पऱ्यो । त्यसैले बहुमतको प्रस्ताव अस्वीकृत भयो । फलस्वरुप संघ दुइ टुक्रा भयो । थेरवाद र महायान भनेर साम्प्रदायिक रुपमा विभाजित भएकोले बुद्ध धर्म पतन तिर ढल्किन थालियो । "सुखा संघस्स सामग्गी" बुद्ध वचन आदर्श मात्र हुन पुग्यो । व्यवहारमा देखिएन ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध चरित्र र बौद्ध चरित्र

गौतम बुद्धले सर्वप्रथम सारनाथमा धर्मचक्र, प्रवर्तन गर्नु भएको बेला आफ्नो परिचय यसरी दिनु भएको थियो- "मैले चतुआर्यसत्य (दु:ख, दु:खको कारण, दु:खको अन्त्य गर्न सकिन्छ र दु:खको अन्त्य गर्नका लागि आवश्यक बाटो आर्य अष्टांगिक मार्ग) हो भनी जानी राख्नु पर्दछ भनेर अध्ययन गरें र राम्ररी बुझें। यस ज्ञानलाई बुझेर मात्र पुग्दैन, अभ्यास पनि गर्नु पर्ने हुंदा सो पनि गरें। अभ्यास गरिसकेपछि आफ्नो मन भित्र लुकिराखेको परम्परागत कुसंस्कार र बानीलाई त्यागनुपर्ने रहेछ भन्ने कुरो पनि थाहा पाएर मैले आफ्ना पुराना कुसंस्कार सबै त्यागि दिएँ। यस्तै अमूल्य ज्ञानहरुलाई प्राप्त गरेर नै म बुद्ध भएको हुं। पहिले यी ज्ञानहरुलाई हेर्नलायक मेरा आँखाहरु थिएनन्, ज्ञान थिएन, प्रज्ञा थिएन, विद्या थिएन, जहाँ हेरे पनि सबै ठाउँमा अंध्यारो मात्र व्याप्त थियो। तर अब म मा आँखाका साथसाथै प्रज्ञा पनि भएकोले जताततै उज्यालो मात्र देख्छु।

यहाँ स्मरणीय कुरा के रहेको छ भने अभ्यास गर्दै पुराना संस्कारहरुलाई त्यागीदिएपछि मात्र सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्न सक्षम भएको हो। तर बुद्धका अनुयायी (बौद्ध) हरुको चरित्र भने धर्म सम्बन्धि कुराहरु सुन्नु, दान र पुजा पाठ गर्नु



Downloaded from http://www.dhamma.digital

आदीमा मात्र सीमित रहेको देखिन्छ। फलस्वरुप उनीहरुको मन भित्र गाडिएर रहेको परम्परागत संस्कार (संस्कृति) यथावत नै र ही उनीहरु यी कुबानी अबौद्ध संस्कार र संस्कृति लाइ छोड्न तयार देखिँदैन। बुद्धत्व प्राप्ति पछि २० वर्ष सम्म उहाँका शिष्य भिक्षु-भिक्षुणीहरुले बुद्धको शिक्षा अनुसार अनुशासित भएर आचरण गरे। त्यस्तै गृहि समाजले अर्थात उपासक उपासिकाहरुले पनि कुसंस्कारलाई छोडी शुद्ध आचरण गरे। २० वर्ष पछि भिक्षुहरु अनुशासनहीन बन्दै गए। उनीहरुको आचरणमा विकृति देखापरे पछि ब्राह्मणवादको हावा लाग्यो। अनि उपासक उपासिकाहरुको आचरणमा पनि शिथिलता आउन थाल्यो। यसरी बौद्ध आचरणलाई पुजा आजा र कर्मकाण्डमा सीमित गर्न थालियो।

हाल भिक्षुहरुमा देखिएको अनुशासनहिनताको कारणहरु मध्य एक भिक्षुहरुलाई प्राप्त हुने लाभ र सत्कार हो। जसले गर्दा शुरु शुरुमा जस्तो शुद्ध श्रद्धा, वैराग्य र त्याग भावनाले ओतप्रोत भई भिक्षु बन्ने व्यक्तिहरुको कमी हुँदैछ। यसको ठीक उल्टो, लाभ सत्कारको लोभ-लालचमापरी भिक्षु बन्न आउने व्यक्ति हरुको संख्यामा वृद्धि भएको देखिन्छ। फल स्वरुप भिक्षुहरुको समूहमा अनुशासनको कमी हुँदैछ। उपासक उपासिकाहरुमा पनि परम्परागत कर्मकाण्ड गर्ने संस्कार त्याग्न नसकी बुद्धको शिक्षा अनुसार आचरण शुद्ध हुनुपर्छ भन्ने ज्ञान हराउँदै गएको छ।

एक समय गौतम बुद्ध कोशल राज्य अन्तर्गत पर्ने मेघलुप भन्ने जनपदमा बस्नु भएको थियो। त्यहीं पसेनदी कोशल राजा आफ्ना मन्त्री परिषद र भारदार सहित बुद्धको दर्शनार्थ जानु



Downloaded from http://www.dhamma.digital

भयो। बुद्ध समक्ष पुग्ने बित्तिकै उहाँले साष्टाङ्ग वन्दना गरी बुद्धको दुइवटै पाउ समातेर चुम्बन गर्न थाल्नु भयो।

यो देखी गौतम बुद्धले सोध्नु भयो - "महाराज ! के कारणले तपाईंले म प्रति यस्तो श्रद्धा प्रकट गर्नु भएको ?"

कोशल राजाले आफ्नो उद्‌गार प्रकट गर्दै भन्नुभयो - हे भगवान ! तपाई साँच्चैको शास्ता गुरु हुनुहुन्छ। यथावादी तथाकारी हुनुहुन्छ। जसरी उपदेश दिनु हुन्छ त्यसरी नै तपाई का चरित्र शुद्ध छ। तपाईको रहन सहन, हिंडाइ र आचरण शान्तिप्रिय छ। तपाईंको हृदय अति नै शुद्ध र पवित्र छ। तपाईका भिक्षु संघपनि त्यति नै संयमित छ किनभने हजारौं भिक्षुहरु तपाईंले उपदेश दिने बेला सबै भिक्षुहरु अति संयमित भई चूप लागेर बसेको देखें। कोहि एक भिक्षुले कत्ति पनि आवाज निकालेको सुनिंन। एक पटक एकजना भिक्षुलाई केहि कारणवस खोकी लागे जस्तो भएको बेला पनि अरु भिक्षु हरुले उसलाई हातले घोचेर सचेत गराउन थालेको देखें। कस्तो राम्रो अनुशासन र संयमित जीवन त्यो। तपाईंले कसरी भिक्षुहरुलाई अनुशासित बनाउनु भयो ? बाटोमा हिंड्‌डा पनि भिक्षुहरु साह्रै संयमित भएर हिंडने गरेको देखेर धेरै जसो मानिसहरु अति नै प्रभावित हुन्छन्। अरु धर्ममा यसरी अनुशासित र शान्त वातावरण देखिंदैन। धेरैजसो होहल्ला मात्र सुनिन्छ उनीहरुकहाँ। देखावटी अनुशासन मात्र देखें मैले। त्यसैले तपाई प्रति मेरो अगाढ श्रद्धा जागेर आयो। त्यति मात्र होइन म अधिकार सम्पन्न राजा हुं। मैले दण्ड दिन सक्छु। मन्त्रिपरिषद र भारदारहरु मेरै छत्रछायामा जीवित छन। मैले दिएको रथमा उनीहरु चढ्‌ने



Downloaded from http://www.dhamma.digital

गर्दछन्। तर, म र उनीहरु बीच पनि एक आपसमा अविश्वासको वातावरण देखिन्छ । मैले भनेका कुरालाइ उनीहरु मान्न तयार देखिदैनन् । मैले बोलेको कुराले उनीहरुलाई त्यति असर परेको देखिदैन । यसरी उनीहरु मेरो लागि अनुशासित छैनन् । साधारण जनता पनि आफ्ना आमा-बाबुहरु संग नै झगडा गर्छन् । साथी-साथी र दाजु-भाई बीच पनि झैंझगडा र कलह गर्न थाल्छन् । तर अचम्म ! तपाईंका उपासक-उपासिकाहरु बीच भने शान्त वातावरण र एकता कायम रहेको छ। कथं कदाचित झगडा भैहाले पनि तुरन्तै मेलमिलाप हुने गर्दछ । यो तपाईंको व्यक्तित्व र शिक्षाको प्रभाव हो । त्यसैले तपाई संग प्रभावित भएर मैले श्रद्धा प्रकट गर्दछु ।

यो बुद्धकालीन बौद्ध समाज र भिक्षु संघको कुरा हो । तर अहिले यस्तो वातावरण त सपनामा मात्र देख्न पाईन्छ होला । "सुखा संघस्स सामग्गी" अर्थात भिक्षु संघ बीच एकता सुखकर छ भनि लेटर प्यादमा"मा छापिए पनि पछाडी एकताको ठाँउमा अनेकता नै देखिने गरेको छ । हाम्रा नेपाली बौद्धहरुमा महायान, हीनयान, वज्रयान आदीमा भेदभाव भएकाले अनेकतामा एकताको वातारण नै छैन रे ।

लुम्बिनी जस्तो पवित्र तिर्थ स्थलमा विहार एउटा त खडा गर्न सकिराखेको छैन । तर महायान, हीनयान र वज्रयान विहार बनाउने कल्पनाको योजना भने तयार छ । यो कस्तो विडम्वना । गौरवको कुरो हो भिक्षुणी धम्मवतीको प्रयासमा लुम्बिनीमा नेपाली प्रजापति र महामायाको, मन्दिर, धर्मशाला



Downloaded from http://www.dhamma.digital

तयार भैसकेको छ ।

आर्यअष्टांगिक मार्गको अभ्यास गरेर पुराना संस्कार र कुबानीहरुलाई त्याग्ने व्यक्तिको रुपमा बुद्ध मूर्तिलाई हामीले खट्मा राखि जात्रा गर्न भने एक्दम तयार हुन्छौं, र पूजा सत्कार पनि गर्छौं। तर आ-आफ्ना कुसंस्कारहरुलाई त्याग्न भने हामी तयार छैनौं । यहि हो हामी नेपालीको बौद्ध चरित्र ।

फेरी हत्थक आवलक राजा हजारौं जनता सहित गौतम बुद्धको दर्शनार्थ जानु भयो । अनि तथागतले सोध्नु भयो- "यतिका जनसमूह महाराजको आदेशानुसार आएका हुन कि आफ्नै श्रद्धाले आएका हुन् ?"

राजाको उत्तर थियो - "मैले त उनीहरुलाई म तथागत बुद्धको दर्शनार्थ जाँदैछु भन्ने विषयमा सूचना मात्र दिइको थिएँ। उनीहरु सबै आफै यहाँ आएका हुन् । मेरो आदेशले आएका होइनन् ।"

अनि गौतम बुद्धले फेरी सोध्नु भयो- "किन उनीहरु राजा प्रति यस्तो आज्ञाकारी भएको ?"

राजाको उत्तर थियो- "मैले जनताको ईच्छा अनुसार नै राज्य संचालन गर्दै आएको छुं। मैले जनताको पीरमर्कालाई सकभर हटाएर उनीहरुलाई संरक्षण गर्दछु । उखु पेले जस्तै जनतालाई पनि पेलेर कर उठाउने कार्य मैले गर्दिन । यसरी राज्य व्यबस्था राम्रो भएकोले जनताले मलाई आफूखुसी सहयोग गर्ने गर्दछन् । यी सबै बुद्धको शिक्षा अनुसार भईरहेको हेर्दा त्यसबाट प्राप्त भएको



Downloaded from http://www.dhamma.digital

राम्रो नतीजा हो। जनता सबै मेरो विश्वासपात्र बनेका छन्। उनीहरुले म प्रति अविश्वास गर्ने ठाउँ नै छैन।

यो कुरा सुनी गौतम बुद्धले फेरी भन्नुभयो- "यस्तो विश्वासपात्र बन्ने जीवनलाई नै साँच्चिको सुखमय जीवन भन्न सकिन्छ। तर मुख अगाडी प्रशंसा गर्दै विश्वासीपन देखाई, मुख पछाडी भने निन्दा चर्चा गर्दै अविश्वासी बन्ने बेईमानी जीवन असल र सुखमय हुन सक्दैन।

- *जसरी हावा चलेको दिशातिर धुलो फ्याक्दा त्यो धुलो आफैतिर आई पर्दछ, त्यसै गरी शुद्ध, क्लेश र मलबाट निर्लिप्त निर्दोष (अर्हत) लाई जसले दोषारोपन गर्दछ, त्यस्ता मूर्खले नै पापको फल भोग्नु पर्दछ।*
- *जसले अन्धविश्वासलाई हटाइसकेको हुन्छ, असल र खराब कर्मको परिणामलाई अन्त गरिसकेको हुन्छ, सम्पूर्ण आशा, तृष्णालाई वमन गरिसकेको हुन्छ, निसन्देह त्यस्ता व्यक्तिनै सर्वोत्तम पुरुष हुन्छ।*
- *सबै प्राणीहरु दण्ड देखि डराउँछन्, सबै मृत्यु देखि डराउँछन् भन्नेकुरा बुझी आफूलाई नै उदाहरण बनाएर कसैलाई पनि हनन् नगर्नु, घात पनि नगर्नु।*
- *निसन्देह आफ्नो नाथ (आधार) आफै हो, अरुहरु आफ्नो नाथ हुनै सक्दैनन्। आफैले आफूलाई राम्ररी दमन गरेमा मात्र दुर्लभ नाथ (अर्हत) फल प्राप्त गर्न सकिन्छ।*

- धम्मपद



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्मले ज़ातिभेद मान्दैन

बुद्ध एक प्रजातन्त्रवादी हुनुका साथै मानववादी पनि हुन्। मानव-मानव बीच ऊँच-नीच, छुवाछुतको भेद रहुन्जेल सम्म शान्ति हुन सक्दैन, प्रजातन्त्र टिक्न पनि सक्दैन ,भन्ने कुरा बुझेर उहांले जाति भेद प्रथालाई विरोध गर्नु भयो । उहांले मुखले मात्र विरोध गर्नु भएको होइन, व्यवहारिक रुपमा पनि विरोध गर्नु भएको थियो ।

बुद्धत्व प्राप्त भइसकेपछि गौतम बुद्ध कपिलवस्तु जानु भई छुवाछुतको कुनै भेदभाव नराखी घरैपिछे भिक्षाटन जानु भयो । कपिलवस्तुको शाक्य कुलमा मात्र होईन सारा कपिल वस्तुमा खैलाबैला मच्चाई दिनु भयो। सिद्धार्थ कुमार बुद्ध भइसकेपछि के भयो ? कस्तो काम गर्नु भयो सिद्धार्थले ? यो कुरा सुन्नासाथ शुद्धोदन राजाको दिमागमा भुइंचालो गयो । लगाई रहेको धोती खुकुलो भएको पनि थाहा नपाई फुं फुं दम मार्दै बुद्धकहां जानु भयो र सोध्नु भयो - के हो यस्तो चाला ? राजसंस्कृतिलाई यस्तो गर्दै हिंडन सुहाउंछ ? हाम्रो संस्कृतिलाई प्रतिकुल असर पर्ने काम किन गरेको ?

बुद्धको उत्तर थियो - महाराज ! अब मेरो राज संस्कृति होइन । मेरो संस्कृति श्रमण–संस्कृति र जन-संस्कृति भइसक्यो ।



Downloaded from http://www.dhamma.digital

मैले पत्ता लगाएको नौलो संस्कृतिमा ठूलो-सानो, उंच-नीच र जातपातलाई केही स्थान छैन। कुनै भेदभाव छैन। सबै मानव हुन्। रुखहरुमा र पशुहरुमा मात्र विभिन्न जाति हुन्छन्। साल, चिलौनी, चांप, सुन्तला, अनार आदि रुखको जात हुन्छन्। पशुमा सिंग भएका र नभएका चारखुटे अनि पंछीहरुमा पनि थरि थरि जात छन्। तर मान्छेमा कुनै जाति भेद छैन। स्त्री र पुरुषमा मात्र भेद छ।

हुन त गौतम बुद्धले भिक्षाटनमा जाने वेलामा जात-पात न मान्नु भएको बाहेक शुरु शुरुमा जाति भेद को प्रत्यक्ष रुपमा विरोध गर्नु भएन। शुरु शुरुमा भिक्षु संघमा तल्लो जातिलाई समावेश गरेको देख्न पाइएन। पछि जन बल र भिक्षु संगठन बलियो भइसके पछि दलित वर्गको जातिलाई पनि भिक्षु बनाई उहांले संघमा समावेश गर्नु भयो।

एक दिन बिहानै भगवान बुद्ध भिक्षाटनको लागि निस्कनु भयो। त्यसबेला सुनीत नाउंको पोडे सडक सफा गर्दै थियो। उसले टाढै देखि भगवान बुद्ध आइरहनु भएको देख्यो। अनि उसलाई के गरुं, के गरुं , कहां जाउं, कहां जाउं भयो। त्यसताकाको जमानामा र समाजको नियम अनुसार ठूला जातीका मानिस आउंदाखेरि पोडेजाति सडकमा उभिईरहनु हुदैन,बढार्नु पनि हुदैनथ्यो। बढार्दा खेरि घण्टी बजाएर बढार्न पर्दथ्यो। घण्टीको आवाज सुनिन्जेल कोही पनि घरबाट सडकमा निस्कदैनथे। त्यसैले सुनीतले बुद्धलाई देख्नासाथ एउटा कुनामा आंखा टांसेर उभिरह्यो।

गौतम बुद्धले उसको नजीक गएर भन्नु भयो -" सुनीत



Downloaded from http://www.dhamma.digital

तिमी किन भयभीत भएको ? डराउनु पर्दैन । तिमी पनि मान्छे, म पनि मान्छे किन डराउने ?"

सुनीतले विस्तारै आंखा खोलेर तपाइजस्तो उच्च जातिको मानिसको अगाडि मुखामुख भई उभिइरहनु हुदैन । अहिले हामीले कुरा गरिरहेको बाहुन बाजेले देख्नु भयो भने मलाई कहां बांकी राख्थे । त्यसैले घण्टी बजाएर बढार्नु पर्छ । घण्टीको आवाज सुनिन्जेल कोही पनि घरबाट बाहिर निस्कदैनथे ।

गौतम बुद्धले भन्नु भयो - तिमीलाई उपकार गर्ना निमित्त म यहां आएको । तिमी भिक्षु बन्न चाहन्छौं ? सुनीतले भन्यो - भगवान म भिक्षु बन्न चाहन्छु । तपाई मलाई भिक्षु बनाउनु भयो भने मेरो अंध्यारो जीवनमा नयां उज्यालो आउने छ । जीवन स्वर्ग जस्तो हुने छ ।

त्यसो भए मसंगै जाउं भनेर बुद्धले उसलाई विहारमा लग्नु भयो र भिक्षु बनाई दिनु भयो । यो खबर फैलना साथ ब्राह्मण समाजमा भुईचालो आउनु स्वाभाविकै थियो । यो बुद्धको एउटा ठूलो सामाजिक क्रान्ति थियो । यसलाई सांस्कृतिक क्रान्ति भने पनि हुन्छ ।

सुनीत यस्तो ज्ञानी भयो र आध्यात्मिक उन्नति गरेर पूरै शिक्षित बन्यो । लोभ द्वेष र इर्ष्या आदि नराम्रा कुसंस्कारलाई उनले नाश गरी अरहत्त बनी पूज्य बने । त्यसैले बुद्धले भन्नु भयो -

*"नजच्चा वसलो होति न जच्चा होति ब्राह्मणो*
*कम्मना वसतो होति कम्मना होति ब्राह्मणो ।"*

अर्थात - जन्मले कोही पनि चण्डाल हुदैन, जन्मले ब्राह्मण पनि हुदैन । कर्मले नै चण्डाल र ब्राह्मण हुन्छ ।

Downloaded from http://www.dhamma.digital

बुद्ध धर्मले जाति भेद नमाने पनि अद्यापि नेपाली बौद्ध समाजमा जाति प्रथाको संस्कार हराएको छैन। त्यसैले नेपाली भिक्षु संघले सुनीत जस्ता व्यक्तिलाई खुल्ला रुपमा भिक्षु बनाउने परिस्थिति आएको छैन। हुनत नेपाली भिक्षु समाजमा ब्राह्मण, बज्राचार्य, शाक्य क्षेत्री, तुलाधर, मानन्धर, ज्यापु, शाही, दलित वर्ग सम्म छन्। तर कोही कोही अशिक्षित र अनपढ भएकोले भिक्षु नियम अनुसार बस्न सकेको छैन। हुनत शिक्षित बर्ग पनि भिक्षु नियम अनुसार बस्न अभ्यस्त भै सकेका छैनन्।

- *यो संसारमा दुःखरुपी ज्वाला यसरी दन्किरहँदा पनि कसरी मानिसहरु हाँस्न सकेका होलान्? यो संसारमा आनन्द कहिं छैन, दुःखै दुःख मात्र छ, यस्तो दःखमय अन्धकारले ढाकी सक्दापनि के तिमी प्रदिप खोज्दैनौ?*
- *अरुको दोष खोजी हिंड्नु भन्दा आफ्नै दोष खोज्नु उत्तम छ।*
- *तिमी आफ्नो मालिक (भरोसा) आफै छौ, अरु कोही तिम्रो मालिक (भविष्य निर्माता) छैन।*
- *मनुष्यहरु भयको कारणले गर्दा पर्वत, वन, रुख, चैत्य (देवता) आदीको शरण जान्छन्। तर त्यो उत्तम शरण होइन, यसबाट दुःख मुक्त हुन सक्दैन।*
- *संधै सबैले प्रशंसा गर्ने वा निन्दा गर्ने व्यक्ति पहिले पनि थिएन, आज पनि छैन र पछि पनि रहने छैन।*
- *मूर्खहरुसंग संगत गर्नु भन्दा एक्लै बस्नु जाति।*
- *वैरले वैरभाव शान्त हुदैन, मैत्रीले नै वैरभाव शान्त हुन्छ।*

- धम्मपद



Downloaded from http://www.dhamma.digital

# मुर्ख मित्र भन्दा विद्वान शत्रु नै बेश

"मुर्ख साथी भन्दा विद्वान शत्रु नै बेश" भन्ने बुद्धको कथन सुन्दा पाठक वर्गलाई बुझ्न अलि असजिलो लाग्ला। पहिले पहिले उपरोक्त कथन सुन्दा मैले पनि बुझ्न सकिन। मूर्ख साथी ठीक छैन यो त सबैले बुझ्न सक्ने कुरा हो। विद्वान शत्रु नै राम्रो भनेको चाहिं कसरी बुझ्नु ? शत्रु कसरी राम्रो हुने ? शत्रुले बिगार्ने बाहेक के हित गर्न सक्छ र ?

पहिले मूर्ख मित्र किन बेश हुँदैन यो कुरा बुझौं। मूर्खहरुले भलो चिताएर गरे पनि अरुलाई र आफुलाई अहित हुने कार्य गर्छ त्यसैले उसले जस पाउँदैन। बुद्धकालीन घटना हो - एकजना मालीले विभिन्न प्रकारका फूलका बिरुवाहरु रोपी फूलवारी बनायो। उसले फूलवारीको लागि एकजना ज्यामी पनि राखेको थियो। एक दिन कुनै काममा त्यो मालीलाई टाढा जाने काम पऱ्यो। ज्यामीलाई फूलको बिरुवाहरुमा ठीक समयमा पानी दिने काम अह्राएर उ बाहिर गयो।

एउटा बिरुवामा कति पानी दिने भन्ने उसलाई थाहा थिएन। मालीले भनेर पनि गएन। त्यो ज्यामीले त फूलको बिरुवा उखेलेर जरा कति लामो रहेछ भनेर नापेर जुन फूलको बिरुवाको जरा लामो छ त्यसमा बढि पानी दिने र छोटो जरा भएकोमा कम पानी दिने गऱ्यो।



Downloaded from http://www.dhamma.digital

भोलिपल्ट माली आएर हेर्दा फूलका बिरुवाहरु सबै सुकेर नयां बुहारी जस्तो झुकिरहेका थिए। मालीले ज्यामी संग सोध्यो तिमीले कसरी पानी दिएको ?

ज्यामीले भन्यो - तपाईले भन्नु भएन कति पानी दिनु पर्ने भनेर। मैले त फूलको बिरुवा उखेलेर त्यसको जरा कति लामो छ नापेर त्यही अनुसार बढी र कम गरी दिएं। माली त ज्यामीको मूर्खताबाट लाटो बनेर निधारमा हात राखेर बस्यो।

अर्को घटना - एकजना भट्टीवालाले पनि आफू बाहिर जाने काम परेकोले पसलमा काम गर्ने मानिसलाई भन्यो - म बाहिर जान्छु, ग्राहकहरु खुसी हुने गरी सेवा गर्नु।

भट्टी साहुजी बाहिर गए। ग्राहकहरु आउंछन् जान्छन्। एक जना ग्राहक यस्तो स्वभावका आयो। उसले रक्सी खानु भन्दा अघि नून अलिकति खाएर रक्सी पियो। त्यो कर्मचारीले हेरिरहेको थियो। नून खाएको देखेर साहुजीले रक्सी घ्याम्पोमा नून कम राखेको होला अथवा राख्नै बिर्स्यो होला भनेर तीन चार माना जति नून रक्सीको घ्याम्पोमा राखि दियो। त्यस पछि ग्राहकहरु आएर रक्सी नपिइकन थु थु गर्दै थुकेर जान थाले।

साहुजी फर्केर आउंदा भट्टीमा ग्राहकहरु सून्य देखियो। साहुजीले सोधपुछ गरे पछि सबै कुरा थाहा पायो। साहुजी दिक्क भए - कस्तो मूर्ख मान्छे। उपरोक्त घटनाको समाचार भिक्षुहरुले भगवान बुद्धलाई सुनाइ दिए। त्यो कुरा सुनेर बुद्धले भन्नु भयो - मूर्ख मित्र भन्दा विद्वान शत्रु बेश छ।



Downloaded from http://www.dhamma.digital

विद्वान शत्रु कसरी राम्रो हुने कुरो बुझ्न गाह्रो भयो मलाई। म पञ्चतन्त्रको कथा पढ्दै थिएं। त्यसमा यस्तो कथा फेला पऱ्यो कि विद्वान शत्रु राम्रो भन्ने कुरा ठ्याम्मै मिल्यो। कथा यस प्रकार छ।

एकजना ब्राह्मणले चोरी गर्न शुरु गरे र ठग्ने अभ्यास पनि गर्न शुरु गरे। उसको गाउंमा तीन जना व्यापारी साझेदारी बनी व्यापार गर्न टाढा शहरमा जान तयार भए। यो कुरा ठग ब्राह्मणले थाहा पायो। उसले विचार गऱ्यो - यी व्यापारीसंग मिल्न जान पऱ्यो अनि ठग्न सजिलो हुन्छ। त्यो बाहुनले व्यापारीहरुसंग मिल्ने इच्छा प्रकट गऱ्यो। व्यापारीहरुले भने - साझा हुनको लागि रकम जम्मा गर्नु पर्छ। त्यो बाहुनले भन्यो - म संग पैसा त छैन, तपाईहरुलाई भात पकाएर सेवा गरुंला हुन्न ? व्यापारीहरु सहमत भए।

उनीहरु गन्तव्यतिर जान थाले। बास बस्ने ठाउंमा पुगेपछि तीनजना व्यापारीमा दुइजना सुत्ने र एक जना जाग्राम बस्ने निधो भयो। यसरी आलो पालो गरी सुत्न थाले। ठग बाहुन त निराश भयो। चोर्ने मौकै पाएन। उनीहरु एउटा नगरमा पुगे। व्यापार सफल भएर खूब लाभ भयो। ती व्यापारीहरु त निक्कै चंखे थिए। धेरै पैसा लिएर जांदा बाटोमा डाकाहरुले लुट्न सक्छन भनेर पैसाले हिरा किने। त्यो कुरा बाहुनले पनि थाहा पायो। ती व्यापारीहरु पहिले जस्तै आलोपालो गरी सुत्थे। हिरालाई पनि रौंको गुच्छामा लुकाएर राखेका थिए।

एक दिन बीच बाटोमा पुगेपछि डांकाहरुले समाते।



Downloaded from http://www.dhamma.digital

डांकाहरुले बाहुनलाई समाते । बाहुनले भन्यो - मसंग केही छैन । डांकाहरुले भने "तंलाई नमारिकन छाड्दैनौ" । त्यो बाहुनले विचार गऱ्यो, "म त मर्ने भएं । म मरेर ती व्यापारीहरुलाई बचाइ दिन्छु । मबाट डांकाहरुले पैसा न पाए पछि ती व्यापारीहरुसंग पनि केही छैन भनेर छाडि दिन्छन् । म मरे पनि उनीहरु चांही बांचून्" भनी बाहुनले त्यसै गरे । चिताएजस्तै डांकाहरुले तीनै जना व्यापारीहरुलाई छोडी दिए । बाहुन शत्रु भए पनि विद्वान थियो । त्यसैले व्यापारीहरुलाई बचाइ दियो । अब बुझ्न सजिलो भयो विद्वान शत्रु राम्रो भन्ने । उसले हिराको पोल खोलेन ।

अब जाउं हाम्रै नेपालमा घटेको गोरखापत्रमा छापेको घटनातिर । आफ्नो लोग्नेलाई छोडेर अर्कैसंग पोइल गएकी विद्वान महिलाले आफ्नो पुरानो माया सम्झेर पुरानो लोग्नेलाई २० वर्षको जेल सजाएं भोग्नबाट जोगाएकी थिइन् । निज महिला नानि मैंयालाई सिन्धुली जिल्लाको कपिलाकोट सहाना गाउं निवासी पुरानो लोग्ने गोरखबहादुरले बेच्यो भन्ने अभियोगमा स्थानीय जनताले निजमाथि मुद्दा चलाएका थिए ।

सो कुरा थाहा पाएपछि रौतहटमा पोइल गइसकेकी नानिमैंया आफै अदालतमा आइ आफु बेचिएकी होइन र निज गोरखवहादुरलाई छोडेर अर्कैसंग पोइल गइसकेको बकपत्र गरेकी थिइन् । बागमती विशेष अदालतका अनुसार निज नानिमैयाले गरेको बकपत्र अनुसार गोरख बहादुरलाई सफाई दिइएको थियो ।

नानिमैयांले त्यसरी बकपत्र नगरेकी भए ज्यू मास्ने बेच्ने



Downloaded from http://www.dhamma.digital

मुद्दामा गोरखबहादुरले २० वर्ष कैद संजांय खप्नु पर्ने थियो। यहां नानिमैयां विद्वान शत्रु हुन्। मूर्ख भए अर्कैसंग पोइल गइसकेपछि पहिलेको लोग्नेसित केको वास्ता भनी चुपलाग्ने थिइन्। मूर्ख मित्र भन्दा विद्वान शत्रु बेस भनेर बुद्धको कथन साकार र सही ठहरेको छ। बुद्धले फेरि भन्नु भएको थियो - काखीमुनिबाट उब्जेको शत्रुबाट झन खतरा छ।

- *मरिसकेको मान्छे फर्कने छैन, उसको मृत शरीर विलाप सुनेर विचलित पनि हुदैन।*
- *जसले धर्म देख्छ, उसले मलाई देख्छ।*
- *म मोक्षदाता होईन म त मार्ग प्रदर्शक मात्र हुं।*
- *भिक्षुहरु! मैले देशना गरेको धर्म विनय जति खुला रुपले प्रचार गर्न सकिन्छ, त्यति नै चम्कि रहने छ।*
- *जन्मले मात्र चण्डाल (अछुत) हुदैन, न जन्मले कोही ब्राह्मण नै हुन्छ। कर्मले मानिस उँच र नीच हुन्छ।*
- *राग बराबरको अर्को आगो छैन, द्वेष बराबरको ग्रह अर्को छैन, मोह बराबरको जाल अर्को छैन र तृष्णा समानको नदि अर्को छैन।*
- *नांगो बसेर , जटा पालेर, हिलोमा लडबडिएर, भोकै बसेर, भूंईमा सुतेर खरानी दलेर बस्दैमा शुद्ध आत्मा बन्न सक्ने छैन।*

- बुद्ध



Downloaded from http://www.dhamma.digital

# गौतम बुद्ध र प्रजातन्त्र

हालै म धार्मिक काममा धरान गएको थिएँ। २०५५ बैशाख १ गतेका दिन धरान बुद्ध विहारमा प्रवचन कार्यक्रम थियो। उक्त अवसरमा केही प्रतिष्ठित बुद्धिजीवी र आध्यात्मिक चिन्तकहरुसित मेरो भेटघाटको कार्यक्रम पनि थियो। बुद्ध धर्म सम्बन्धि छलफल गर्नका लागि भएको उक्त भेटघाट कार्यक्रममा एक जना आध्यात्मिक चिन्तकले प्रश्न गर्नु भयो - कार्लमाक्सले धर्मलाई अफिम भन्नु भएको थियो । यस विषयमा तपाईको के विचार छ ?

जहांसम्म मलाई लाग्छ अम्मल हो भन्ने कुरा भगवान बुद्धले पनि भन्नु भएको थियो। किन भने मानिसहरुले धर्मको आधारमा आचरण शुद्धि तिर ध्यान नदिइकन मूर्ति अगाडि पुष्प, धूप आदि चढाई उपासनामा तल्लीन हुनु र त्यसले पाप कट्छ भन्ने ठान्नु अम्मल नै हो। धर्म भनेको त आचरण शुद्धि हुनु हो। अन्याय, भ्रष्टाचार नहुनु हो। तर यता तिर ध्यान नदिइकन केवल पूजापाठमा मात्र आसक्त हुनुलाई के भन्ने ? बुद्धको विचार मा धर्ममा साम्प्रदायिकता र पूर्वाग्रह हुनु हुँदैन। साम्प्रदायिकता र पुर्वाग्रहलाई नै अफिम भनेको हो। बुद्धले कुनै पनि साम्प्रदायिक धर्मको प्रचार गर्नु भएन। शुद्धसंग धर्मका मात्र प्रचार गर्नु भयो। मानिस शुद्ध बन्नु पर्ने कुरा बुद्धको शिक्षामा समावेश



Downloaded from http://www.dhamma.digital

छ। मानिस कुनै पनि चिजमा आसक्त हुनु हुदैन। धर्ममा आसक्त भएको खण्डमा साम्प्रदायिकता र पूर्वाग्रहको गन्ध आउन थाल्छ। धर्मको नाउंमा झगडा शुरु हुन्छ। गौतम बुद्ध धर्म निरपेक्षताको पक्षपाती हुनु हुन्थ्यो। धर्मलाई अफिमको रुपमा लिएर नै नेपालको संविधानमा "नेपाल हिन्दु राष्ट्र" घोषणा गरिएको छ। नेपाल बहुधार्मिक, बहुभाषिक र बहुजातिक राष्ट्र हो। एउटा मात्र धर्म र भाषालाई मान्यता दिनु साम्प्रदायिक कुरा हो। यसले गर्दा झगडा, विवाद उठ्न सक्छ। धर्ममा अफिम भनेको नै यस्तै कुरालाई हो।

अर्को उदाहरण लिउँ भारतमा धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे तापनि साम्प्रदायिक भावना हटेको छैन। फलस्वरुप हिन्दु मुस्लिम बीच झगडा भइ नै रहन्छ। मुस्लिम मुस्लिम बीचमा झगडा भइरहने कुरा हामी छापामा पढ्छौं। यो धर्मलाई काखी च्यापी आसक्त भएको परिणाम हो। धर्म अफिम भएकोले नै यस्तो झगडा भइरहन्छ। धर्मनिरपेक्ष राज्य भएपनि भारतमा प्रशासन यन्त्रले भेदभावको दृष्टिले काम गर्छन्। भारतमा अम्वेडकरका अनुयायीहरुलाई पनि भेदभावको व्यवहार गर्छन्।

एक जना मुस्लिम लेखक सलमान रुस्दीले कुरानको आलोचना गऱ्यो भनेर उसलाई मार्ने मान्छेलाई लाखौं डलर दिने घोषणा भयो। बिचरा कुरान आलोचक मुस्लिम व्यक्ति भूमिगत भएर वसेको पनि कति बर्ष भयो। के यो धर्म अफिम भएन र? साम्प्रदायिक र पूर्वाग्रह न भएको भए यस्ता अमानवीय व्यवहार कहांबाट हुन्छ? त्यसैले भगवान बुद्धले भन्नु भएको - " कुल्लुपमं वो भिक्खुवे धम्मं



Downloaded from http://www.dhamma.digital

देसेमि, नित्थरणत्थाय नो गहणत्थाय।" अर्थात हे भिक्षु हो! मैले जुन धर्म उपदेश दिएको छुं, त्यो दुःख रुपी खोला तर्न डुंगाको रुपमा प्रयोग गर्नको निमित्त हो। डुंगा खोला तर्न काम लाग्छ भनेर कसैले कांधमा बोकेर हिड्दैन। त्यस्तै धर्म पनि सधैं च्यापेर हिंड्नलाई होइन। सवै ठाउंमा समाती रहनको लागि पनि होइन। धर्म साम्प्रदायिकता र पूर्वाग्रह रहित हुन पर्छ। (मज्झिम निकाय)

हामीकहां धर्मप्रेमी नेताहरु यज्ञ, होम र मन्दिर मन्दिर मा गई धर्म कर्म गरेर साम्प्रदायिकतालाई प्रोत्साहन पनि गर्ने, भ्रष्टाचार कमिशनखोर पनि बन्ने, यो कस्तो प्रजातन्त्र? बुद्धको प्रजातन्त्रमा साम्प्रदायिकता र पूर्वाग्रह पटक्कै देखिंदैन। कुनै प्रकार को भेदभाव छैन। अपवाद स्वरुप पछि, हुदै साम्प्रदायिकता र पूर्वाग्रह जाति भेदको भावना बौद्धमार्गीहरुमा पनि देखिन थाल्यो। यो वैदिक धर्म हिन्दु धर्मको कोसेली हो भन्दा अत्युक्ति न होला।

एक पटक गौतम बुद्ध कालाम भन्ने गाउंमा जानु भएको थियो। कालामहरुले बुद्धसंग प्रश्न गरे - "भो श्रमण गौतम! हाम्रा गाउंमा थरिथरिका धार्मिक नेताहरु आएर आ-आफ्नो धर्म मात्रठूलो र सही भन्ने र अरुको सिद्धान्तलाई खण्डन गर्छन्। हामी त अलमलमा परेका छौं। कसको कुरा सही हो छुट्याउन सक्दैनौं। यस बारेमा तपाइको के विचार र सुझाव छ?"

बुद्धले भन्नु भयो - "हे कालामहरु हो! जसरी सुनारले सुन चांदी आगोमा पोलेर जांच्ने गर्छ त्यसरी नै कसैको कुरामा पनि आफ्नो स्वतन्त्र मस्तिष्कले नजांचिकन विश्वास गर्न हुदैन। यी कुराहरु समय सापेक्ष, आजको युगलाई पनि उतिकै सुहाउने



Downloaded from http://www.dhamma.digital

जस्तो लाग्यो ।

स्मरणीय कुरा के भने स्वतन्त्र चिन्तनलाई गौतम बुद्धले महत्व दिनु भएको छ। वास्तवमा कुनै पनि धर्ममा आसक्त नभई कट्टर र हठवादी नबनी साम्प्रदायिक र पूर्वाग्रही मानसिकताबाट अलग रही, शुद्ध मानव मस्तिष्कबाट सोची, बुझी मुल्यांकन गरि सकेपछि मात्र स्वीकार्नु पर्छ भन्ने तात्पर्यमा स्वतन्त्र चिन्तन भन्न खोजिएको हो। अर्थात म बौद्ध, हिन्दू, मुस्लिम, क्रिश्चियन हुं भन्दै म त्रिपिटक, गीता, कुरान, बाइबललाई नै मान्छु, यही मात्र ठिक अरु बेठिक भन्दै लिंडेढिपी नगरी पूर्वाग्रहरहित असाम्प्रदायिक भावना बोकी स्वतन्त्र मस्तिष्कले ठीक बेठीक भनी परीक्षण गरेर मात्र स्वीकार गर्नु मात्र भनिएको हो ।

उपर्युक्त कुरा सुनेर बुद्धिजीवी प्रश्नकर्ताले अनायास भने - बुद्ध त बिलकुल सही प्रजातन्त्रवादी हुनु हूंदो रहेछ ।

- *कुनै अपराध गरेको भए त्यसलाई स्वीकार गर्नु, फेरी कहिल्यै अपराध नदोहोऱ्याउनु- यहि आर्य गृहस्थको कर्तव्य हो ।*

  - बुद्ध (समान्य फल सूत्र)

- *आनन्द म परिनिर्वाण भईसकेपछि (मरे पछि) मैले देशना गरेको धर्म र विनय नै तिमीहरुको गुरु भनेर सम्झनु ।*

  -बुद्ध (महा परिनिर्वाण सूत्र)



Downloaded from http://www.dhamma.digital

# फुट र भेदले गर्दा प्रजातन्त्र राज्य पतन भयो

लिच्छवी गणतन्त्र गङ्गाको वारिपट्टी मगधराजा बिम्बिसारको राजतन्त्रात्मक राज्य थियो भने, गंगाको पारिपट्टि लिच्छविहरुको गणतन्त्रात्मक (प्रजातंन्त्र) वज्जी राज्य थियो। भगवान बुद्धले लिच्छविहरुको गणतन्त्रात्मक राज्यको निकै वर्णन गर्नु भएको छ। वर्णन मात्र नभइ लिच्छवीहरुको जीवन, राज्य सुधार र समृद्धिको निमित्त दिनु भएका सात सूत्रीय उपदेश आफ्ना भिक्षु संघलाई पनि दिनु भएको थियो। लिच्छवीहरुको शक्ति एकतापूर्ण संगठनमा आधारित थियो। मेलमिलाप र नैतिकता उनीहरुको मूलआधारशिला थियो। महापरिनिर्वाण सूत्र अनुसार गौतम बुद्धले सारन्दद चैत्यमा दिनु भएको सात सूत्रीय अपरिहार्य (अवनति नहुने) नियमहरुलाई उनीहरु अक्षरस पालन र कार्यान्वयन गर्दथे। त्यसैले नै उनीहरुको शक्ति तथा यश फैलिएको हो। ती सात सूत्रीय नियमहरु यस प्रकार छन्।

१. राष्ट्रिय बिकास सम्बन्धि सहमतिको लागि बराबर बैठक (संसद बस्नु) बसेर छलफल गर्नु।

२. एक आपसमा मेलमिलापको भावना राखी बैठक गर्नु र



Downloaded from http://www.dhamma.digital

बैठकको निर्णयलाई सबै मिली कार्यान्वयन पनि गर्नु।

३. अवैधानिक कार्य नगर्नु अर्थात संविधानको उल्लंघन नगर्नु।

४. अनुभवी वयोबृद्ध व्यक्तिहरुको शिक्षाप्रद र रचनात्मक कुराहरुलाई सुनी सम्मान गर्नु।

५. कुल कुमारीहरु प्रति बलात्कार नगरी उनीहरु प्रति उचित व्यवहार गर्नु।

६. राष्ट्रको पूजनीय स्थानहरुको सम्मान गर्नु र पूजा सत्कारको संस्कारलाई लोप हुन नदिनु।

७. पूज्य पाहुनाहरुको सम्मान र रक्षा गर्नु।

उपर्युक्त सात नियमहरुलाइ लिच्छवीहरुले अखण्डित रुपमा पालन गर्दथे। फलस्वरुप त्यसबेला तीव्र रुपमा देश विकास भएको थियो र जनताको जीवनस्तर पनि माथि उठेको थियो।

वैशाली लिच्छवि गणतन्त्र (प्रजातंत्र) को यसरी विकास र उन्नति भएको देखेर राजा अजातशत्रुलाई ईर्ष्या डाहा हुन थाल्यो। वनको बाघले नतर्साए पनि मनको बाघले तर्सायो भने जस्तै उनको मनमा कहीं यो लिच्छवि गणले आफ्नो राजतन्त्रलाई नै खतरा पार्ने हुन् कि भन्ने शंका उपशंका उब्जिन थाल्यो। उनी प्रभावशाली वैशाली गणतन्त्रलाई तहस नहस पार्न आक्रमण गर्ने बारे सोच्न थाले। यसबारेबुद्धसंग सल्लाह लिनु अझ राम्रो हुनेछ भन्ने विचार गरी उनले आफ्ना महामन्त्री वर्षकार ब्राह्मणलाई बोलाई यसो भने - " तिमी भगवान बुद्धकहां गएर मेरो तर्फबाट उहांको श्री चरणमा वन्दना गरी मैले वज्जी गणतन्त्र माथि आक्रमण गर्न चाहेको कुरो बताउनु अनि बुद्धले यस बारे जे भन्नु



Downloaded from http://www.dhamma.digital

हुन्छ , त्यसको खबर् मलाई दिनु। बुद्धले नहुने कुरा त भन्नु हुन्न।"

वर्षकार ब्राह्मण राजा अजातशत्रुको आज्ञा शिरोपर गरी बुद्ध समक्ष गई सवै कुरा बताए। उनको कुरा सुनी भगवान बुद्धले भन्नु भयो - " वज्जीहरुले जब् सम्म सात वटा अपरिहार्य नियमहरुलाई पालन गर्छन्, तब सम्म उनीहरुको बिजय र अभिवृद्धि नै हुनेछ। "

यो कुरा सुनिसकेपछि वर्षकार ब्राह्मणले कुटनैतिक भाषामा भने - " भो श्रमण गौतम छ सात वटा नियमहरुको त के कुरा एउटा मात्र नियमको पालन भए सम्म पनि वज्जीहरुलाई कसैले बिगार्न सक्दैन। " यत्ति भनि वर्षकार ब्राह्मण अजातशत्रु कहां गएर भगवान बुद्धले भन्नु भएको सवै कुराहरु सुनाए।

यी सवै कुरा सुनिसकेपछि निराश भएका राजा अजातशत्रुलाई वर्षकार ब्राह्मणले भने - "महाराज ! किन निराश हुनु भएको ? बुद्धको उपदेश सुनेर मैले एउटा रहश्य पत्ता लगाएको छुं। त्यो हो, वज्जीहरुको एकता र संगठन बललाई भंग गर्ने। यत्ति गर्न सकेमा मात्र वज्जीहरुको नाश हुनेछ र त्यसबेला तपाईले आक्रमण गर्नु भयो भने तपाई सफल हुनु हुनेछ। यो कुरा सुनी राजा अजात शत्रुले सोधे - वज्जीहरुको एकता कसरी भंग गर्ने ?

वर्षकार ब्राह्मणले भने - महाराज म भंगगरी दिन्छु। मलाई तपाईले राष्ट्रघाती अपराधी घोषणा गरी देशबाट निकाला गर्नुस, अनि म राजतन्त्र विरोधी र गणतन्त्र प्रेमी बनी वैशालीमा जानेछुं। त्यसपछि मैले पहिले उनीहरुको भलो हुने कार्य गरी



Downloaded from http://www.dhamma.digital

देखाउने छु । यसरी उनीहरुको आंखामा छारो हाली म एक विश्वासी पात्र बनिसकेपछि मात्र विस्तारै उनीहरुको बीचमा फूट पैदा गर्न सक्षम भएपछि मात्र मैले राजालाई खवर दिने छु। त्यसको लागि मौसुफ सरकार तयार भएर बस्नुस्। त्यस्तो मौकामा हमला गर्नु भयो भने त गणतन्त्र (प्रजातन्त्र)को पतन अवश्य हुनेछ। एकता भंग गर्नु नै विजयको एउटा मात्र मन्त्र हो ।

वर्षकारको सुझाव अनुसार अजातशत्रुले उनलाई देश द्रोहीको लाञ्छना लगाई आफ्नो देशबाट निष्काशन गरिदियो । फलस्वरुप वर्षकारले पनि - "राजतन्त्र मुर्दावाद, प्रजातन्त्र जिन्दावाद भन्ने नारा लगाई गंगाको उता पारि पुगे । वज्जीहरुले वर्षकारको यो नारा सुनी उनीहरु बीच एक आपसमा मतभेद भइ दुइगुटमा विभाजन हुन थाले ।

एक थरीले भने - वर्षकारलाइ शरण दिनु पर्छ । अर्को थरीले भने वर्षकार ब्राह्मण चाप्लुसी खालका छन्, उ हाम्रो देशको अहितका लागि आउन लागेको होला। यस्तो भनेपछि बहुमत कदर गरी वर्षकारलाई वज्जीहरुले आफ्नो देश भित्र भित्राउने वा शरण दिने कुराको निर्णय गरे। यति मात्र होइन वर्षकारलाई गणतन्त्र राज्यमा अर्थमन्त्रीको पदमा समेत आसीन गराइयो । यति भैसकेपछि वर्षकारले गणतन्त्र राज्यको आर्थिक उन्नतिको विकास र व्यक्तिगत विकासतिर पनि काम गर्न थाले । सामूहिक विकासमा लागेका वज्जीहरु सामूहिक नेतृत्वमा लागेका लिच्छविहरुले पनि विस्तारै व्यक्तिगत स्वार्थपूर्ति तिर लाग्ने काम पनि सिक्न थाले ।

वर्षकारले पनि वज्जी गणतन्त्रको राम्रो विश्वास पात्र बनि



Downloaded from http://www.dhamma.digital

सकेपछि आफ्नो पूर्वयोजना अनुसार विस्तारै नाटक शुरु गर्न थाले। एक दिन उनले सार्वजनिक भेटघाटको स्थानमा कुनै एक जना व्यक्तिलाई समूहबाट अलग बोलाई उनको कानमा विस्तारै मन्त्र फुके जस्तै गरी सोधे - " आज तिमीले भातको साथै अरु के के तरकारी खायौ ? " यो दृश्य देखी अन्य व्यक्तिहरुले वर्षकारको कुरा सुन्ने व्यक्तिलाई सोधे - " तिमीलाई त्यो वर्षकार ब्राह्मणले के भनेको हं ?"

त्यस व्यक्तिले सिधै उत्तर दिए - "भातसंग के के तरकारी खायौ भनी सोधेको नि ।" तर यस प्रकारको उत्तरले कसैलाई पत्यार पारेन त्यत्ति जावो कुरो सोध्नलाई पनि अलग्गै बोलाएर किन कानेखुसी गर्नु पर्ने ? त्यस व्यक्तिले पक्कै पनि केही कुरा लुकाएको हुनु पर्छ र सत्य कुरा भन्न हिचकिचाएको हुनु पर्छ । यस्मा अवश्य केही रहस्य लुकेको छ भनी अनावश्यक शंकागरी एक आपसमा अविश्वासको स्थिति सृजना हुन थाल्यो । यसलाई गलत धारणा पनि भन्न सकिन्छ ।

फेरि अर्को दिन, त्यस्तै अन्य सार्वजनिक भेलामा एकजना वज्जीलाई अलग्ग बोलाएर वर्षकार ब्राह्मणले भने -" तिमी धेरै अल्छी भई कर्तव्य पालन गर्दैनौ रे ।" अर्कोदिन फेरि अर्को एकजनालाई भने - " तिमी कठोर छौ रे फलानाले भनेको" यसरी दिन परदिन वज्जीहरुको बीच एक आपसमा फुट हुन थाल्यो र परस्पर तरवार लिई लडनु पर्ने स्थितिको सृजना हुन थाल्यो ।

यही मौकालाई छोपी वर्षकारले राजा अजातशत्रुलाई वज्जी गणतन्त्रमा आक्रमण गर्न आउने शुभ अवसरको खवर पठाई



Downloaded from http://www.dhamma.digital

दियो। फलस्वरुप मगध राजा अजातशत्रुको तर्फबाट शस्त्रास्त्रले सुसज्जित सेनाले वज्जी देशमा आक्रमण भयो। तर आफ्नो देशमा खतराको विगुल बज्दा पनि कोही वज्जीहरु एक आपसमा भेला भएन। एक आपसमा फुट भएको कारणले कसैले बहादुरहरु छँदै छन् नि , उनीहरु नै जान्छन् म त कातर, म त अल्छी किन जाने म ? आदी गलत धारणालाई अंगाली चुप चाप बस्न थाले। यस्तो अवस्थाको पूरा फाइदा उठाई राजा अजातशत्रुले वज्जी गणतन्त्रलाई तहस नहस पारी आफ्नो कब्जामा लिए। यसरी नै "एकता भए उत्थान र भेद भए पतन" भन्ने उखानको चरितार्थ सिद्ध भयो।

- *परोपकार गर्ने र परोपकार गुण स्मरण गर्ने यी दुबै थरीका मानिसहरु दुर्लभ छन्।*

-बुद्ध (अंगुत्तर निकाय)

- *वेदलाई प्रमाण मान्नु, कुनै ईश्वरलाई श्रृष्टिकर्ता मान्नु, स्नान गरेर धर्म कमाउन खोज्नु, जातिवादको घमण्ड गर्नु र पापबाट मुक्त हुन शरीरलाई कष्ट दिनु - यी ५ मूर्खहरुका लक्षण हुन्।*

-आचार्य धर्मकीर्ति

- *बुद्ध योगीहरुमा चक्रवर्ति हनुहुन्छ। उहाँ महाँज्ञानी मेरो हृदयमा विराजमान होस्।*

-शंकराचार्य



Downloaded from http://www.dhamma.digital

# प्रजातंत्रसंग अर्थको घनिष्ट सम्बन्ध छ ।

आजको विश्वमा लडाइ, झगडा, कलह भइरहनुको मुख्य कारण नै आर्थिक असमानता तृष्णा र अहंकार तथा विलासितामय जीवन हो भन्न सकिन्छ। आर्थिक असमानताले गर्दा धनी र गरिब वर्गको सिर्जना भयो। आधारभूत आवश्यकताको पूर्ति भयो भने अर्थात आर्थिक समस्या हल भयो भने अशान्ति कलह घूसखोर, कमिशनखोरहरु होला जस्तो लाग्दैन। आज संसारमा अशान्ति र तनाव बढिरहनाको मुख्य कारण धनीवर्ग र गरीबवर्ग बीच देखापरेका असमानताले उब्जिएको असन्तुलित जीवनस्तर हो। धनी र गरिब दुइ वर्ग रहुन्जेलसम्म शान्ति स्थापना हुन सम्भव छैन।

गौतम बुद्धले भन्नु भएको छ - "धनी वर्ग र गरीब वर्ग दुवैले निर्वाण सुख पाउन गाह्रो छ, किन भने धनी वर्गलाई विलासितामय अर्थात सुख सुविधा युक्त जीवन प्रिय हुन्छ र मानिस त्यसैमा आसक्त भइरहन्छ।" पैसाद्वारा पैसा तान्नुमा व्यस्त भइरहन्छ। जति भएपनि नपुग्ने तृष्णाबाट मुक्त हुन सक्दैन। पैसा कमाउनु र घर बनाउनु तृष्णा होइन। तर आवश्यकता भन्दा बढि पैसा कमाउनु र रातारात करोडपति बन्ने इच्छा राख्नु तृष्णा



Downloaded from http://www.dhamma.digital

हो। कमाएको धन सदुपयोग नगर्नु तृष्णा हो। पैसा धेरै भएकोले पीर र चिन्ता भइरहन्छ। गौतम बुद्धले भन्नु भएको थियो - पैसा सदुपयोग भएन भने त्यो धन सरकारले जफत गर्न सक्दछ, चोर ले चोरेर लान सक्छ, आगो लागी नष्ट हुन सक्छ र बाढीले बगाउन सक्छ। यो धनी वर्गको विषयलाई छाडी अब गरीब वर्गतिर पनि एक पटक विचार गरौं।

"सिधच्छा परमा रोगा" अर्थात भोक लाग्नु जस्तो ठूलो रोग अर्को छैन। गौतम बुद्धले यस्तो आज्ञा गर्नु भएको आफ्नो अनुभवले र प्राणी मात्रलाई आहार (खाना) नभै नहुने भएर होला। यो कुराले झन स्पष्ट थाहा हुन्छ। - "सब्बे सत्ता आहारट्ठितिका" संसारको प्रमुख प्रश्न के हो ? भन्ने सोधाईको प्रत्युत्तर दिनु हुंदै बुद्धले भन्नु भएको थियो - "सबै प्राणीहरु आहारमा निर्भर छन्।" भोकाएको मानिसलाई धर्म र संस्कृतिसंग कुनै मतलब हुंदैन। शरीर बलियो नभई चिन्तन शक्ति बलियो हुंदैन। भोकाएको मानिसले जे पनि अपराध गर्न सक्छ। संस्कृतमा एउटा उक्ति पनि छ -" बुभुक्षित : किम न करोति पापम्" अर्थात भोको मानिसले के मात्र पाप नगर्ला। अर्थात जब मानिस दरिद्र हुन्छ। तब उसलाई खाने र पिउने वस्तुको अभाव हुन्छ। अनि त्यसले चोर्ने काम गर्न थाल्छ, डांकाजनी, घूस र बेइमानी काम गरेर पनि आफ्नो जीविका चलाउन खोज्दछ। गरीवी र दरिद्रता नै अपराध र भ्रष्टाचारको मूल कारणहो भनेर दीघनिकाय चक्कवत्ति सिहंनाद सूत्रमा राम्रो संग देखाइएको छ। उदाहरणको लागि यहां संक्षिप्त रुपमा प्रस्तुत गर्न लागिएको छ।



Downloaded from http://www.dhamma.digital

गौतम बुद्ध मगधको मातुला भन्ने ठाउंमा बस्नु भएको बेला वहांले भिक्षुहरुलाई संबोधन गरेर धार्मिक राजा "दल्हनेमी" को कथा सुनाउनु भएको थियो। ती राजा धेरै प्रभावशाली थिए। उनले आफु बुढो हुने वित्तिकै आफ्ना छोरा युवराजको राज्याभिषेक गरे। उनीहरुको सात पुस्ता सम्म धार्मिक रुपले (जनमुखी भएर) नै राज्य चलाएको कारणले जनता सुखी र आनन्दित थिए। तर आठौं चक्रवर्ती राजाले स्वेच्छाचारी भएर राज्य राम्ररी संचालन गरेन। स्वार्थी भई आफ्नै बुद्धिले तानाशाही शासन चलाउन थाल्यो। राजर्षिकहां गई चक्रवर्ती व्रत पनि सुनेन। उसले प्रजाहरुको आर्थिक अवस्था सुधार गर्न र उन्नति गर्न तिर ध्यान दिएन। त्यसैले उ आर्थिक अवस्था सुधार गर्न असमर्थ भयो। यसले गर्दा दरिद्रताको कोप झन-झन् वृद्धि हुन थाल्यो। दरिद्रताको कारणले चोरी, डकैती हत्या आदि पापाचार बढ्न थाल्यो। (दीघ निकाय चक्कवत्ति सिंहनाद सूत्र)।

आर्थिक उन्नति मानिसहरुको (प्रजातंत्रको) हित, सुख र समृद्धिको लागि आवश्यक छ भनी बुद्धले भन्नु भएको छ - दण्ड दिएर मात्र चोर डांकु आदि अपराधिहरु निर्मूल गर्न सकिंदैन। सांच्चै नै चोरी डकैती आदि अपराध हुन नदिनको लागि त मानिसहरुको जीविकोपार्जनको इलमको बन्दोवस्त गरिदिनु आवश्यक छ भनी दिर्घनिकाय कूटदन्त सूत्रमा राम्रो संग व्याख्या गरिएको छ।

गौतम बुद्ध एक दिन मगधमा घुम्न जानु भएको बेलामा एउटा आंपको बगैचामा बस्नु भयो। त्यस बखत त्यहां "कूटदन्त"



Downloaded from http://www.dhamma.digital

नाउं गरेको एकजना विद्वान ब्राह्मणले महायज्ञ गर्ने भनी प्रतिज्ञा गरिराखेका थिए। गौतम बुद्धले यज्ञ सम्पदाको बारेमा राम्रो संग जान्नु हुन्छ भन्ने कुरा कूटदन्तले सुनिराखेका थिए। त्यसैले उनले बुद्धकहां गई प्रार्थना गरे - "तीन प्रकारको महायज्ञ स्पष्ट बुझ्न सक्ने गरी आज्ञा होस् ।"

गौतम बुद्धले यज्ञ होम विधिको व्याख्या गर्दै ब्राह्मणलाई आज्ञा गर्नु भयो - " उहिले महाविजित भन्ने राजाको पनि यज्ञ गर्ने ईच्छा भई आफ्ना पुरोहित ब्राह्मण कहां गएर प्रार्थना गरे। म चारैदिशामा पनि विजय प्राप्त गरेर अधिपति भइसकें। म संग असंख्य धन सम्पत्ति छ। अब मलाई हित सुख हुने र राज्य समृद्धिशाली गर्नलाई कुन प्रकारले यज्ञ गर्नु पर्ला ? आज्ञा हुनु होस। अनि विजित राजालाई सो पुरोहित ब्राह्मणले भन्नु भयो - महाराज ! सरकारको राज्यमा चोर र डांकाहरुले सर्वसाधारण जनतालाई ज्यादै नै सताइ दु:ख दिइरहेका छन्। बाटोमा एक्लै हिडंनु हुदैन। लुटपाट भैरहेछ। सुरक्षा छैन। यत्रो जनताको हाहाकार भइ रोग, पीडा र अनेक भयले त्राही त्राही भइरहेको वेलामा धेरै धन खर्च गरी यज्ञ गर्नु धर्म होइन, अधर्म हो। पुण्य होइन पाप हो। शायद महाराजालाई यस्तो पनि मनमा पर्न सक्ला - "मैले यी बदमाश चोर र डांकाहरु समातेर सास्ति दिउंला, देशबाट निकाला गरुंला मारेर पठाउँला र कठोर दण्ड भोग गराई कारावास राखी उपद्रव न हुने व्यवस्था मिलाउंला आदि।" तर महाराज , यसरी दण्ड आदि दिएर चोर, डांका आदि बदमासहरुलाई नष्ट गर्न सकिन्न। सांच्चै नै देशबाट चोर लुटेराहरु निमिट्यान्न पारी शान्ति स्थापना गर्ने हो भने आर्थिक

Downloaded from http://www.dhamma.digital

अवस्था राम्रो पार्नु पर्छ । त्यो कसरी ?

महाराज ! कुनै व्यक्तिले सरकारको राज्यमा खेती गर्ने इच्छा गरे भने त्यस व्यक्तिलाई तपाइले खेतीका सामान र वीउ विजन आदि दिएर सहायता गर्नु पर्दछ । कुनै व्यक्तिले व्यापार गर्ने इच्छा गरेमा त्यसलाई सरकारले पूंजी दिनु पर्छ । त्यस्तै कसैले राजदरवारमा जागिर खान चाहेमा त्यसलाई भत्तासहित तलव दिनु पर्छ । यस प्रकार ती मानिसहरु आ-अफ्ना काममा लाग्छन् अनि राजाको देशमा कसैले पनि दुःख दिने छैन । सवैले काम पाएमा आ-आफ्नो काममा संलग्न भई नराम्रो काम तिर चिन्तन गर्ने फुर्सद नै हुँदैन । अनि तपाईको राज्य झन समृद्धिशाली हुने छ र सवैले सुखपूर्वक जीविका गरेर बस्नेछन् ।

राजा विजितले पुरोहित ब्राह्मणलाई हुन्छ, हवस् भनी गएर आफ्नो राज्यमा ज-जसले खेती गर्न उत्साही छन् उनीहरुलाई आवश्यक कृषि औजार र बिउ बिजन दिए । जसले व्यापार गर्ने इच्छा प्रकट गरे उनीहरुलाई पूंजी दिए । ज-जसले जागिर खाने इच्छा प्रकट गरे उनीहरुलाई भत्ता सहित उचित तलब उपलब्ध गराइ दिए । यसरी सवैलाई कामको व्यवस्था मिलाई दिएकोले देशमा कहिं कतै पनि अशान्ति भएन । कसैले कसैलाई सताएन । सवै आ-आफ्नो काममा तल्लीन देखिए । सबैले आफ्नो बाल बच्चासंग नाचेर निश्चिन्त भई जीविका चलाए । यस्तो शासन व्यवस्था भए हामी कहां पनि शान्ति व्यवस्था देख्न पाइएला कि !



Downloaded from http://www.dhamma.digital

# विद्वानहरुले नबुझेपछि

गौतम बुद्धले सर्वप्रथम सारनाथमा कपिलवस्तुका पांच जना ब्राह्मण तपस्वीहरुलाई मध्यम मार्गको सन्देश दिनु भएको थियो । हे भिक्षु हो ! संसारमा दुइवटा अन्त्य वा अति मार्ग छन् -

१. संसारिक सुख सुविधामा भुली विलासी जीवन विताउनु ।

२. शरीरलाई दु:ख हुने गरी पेट भरी खाना खान नपाई वा खाना नखाइकन जीवनयापन गर्नु ।

यी दुइटै मार्ग प्रव्रजित त्यागीहरुले त्यागेर धनी र गरीब विचको मध्यम मार्ग अपनाउनु सक्नु पर्छ । यसमा धनी र गरीबको अन्त्यको कुरा आयो । बुद्धको प्रथम सन्देशमा सुख सुविधामा नभुलिरहनु अर्थात विलाशितामय जीवनबाट टाढा रहनु र दु:खी जीवनमा पनि न फस्नु । बुद्धको पालादेखि आज सम्म भिक्षुहरुले बुद्धको मध्यम मार्ग प्रचार गर्दै आएका छन् । तर भिक्षुहरुको जीवन सुख-सुविधा भोगी तिर ढल्किदैछ । कष्टमय जीवनलाई त्यागनुपर्छ भन्ने बुद्धको सन्देशलाई भने भिक्षुहरुले बिर्सेको छैन । किन भने सुख-सुविधा पाउनमै अधिकांश व्यस्त छन् ।

के त बुद्धको सन्देश त्यागीहरुका लागि मात्र हो त ? गृहस्थीहरुलाई काम लाग्दैन ? विलाशी जीवनबाट टाढा रहनु



Downloaded from http://www.dhamma.digital

भिक्षुहरुलाई मात्र सरोकार भएको कुरा हो ? आजभोलि तमाम सांसदहरु सुख-सुविधामुखी र विलाशी भोगी भएका छन् भन्ने विषयमा पत्र पत्रिकामा खूब आलोचना भइरहेको छ। किन यो टिकाटिप्पणी र आलोचना ? संाच्चि भनौं भने भ्रष्टाचार, कमिशनखोर र वेश्यावृत्तिका मुल कारण विलाशिता र सुविधामुखी हुनु हो। यतातिर धार्मिक पक्ष र राजनीतिक पक्षको ध्यान गएको देखिंदैन। सबैको आदर्शको लागि नै गौतम बुद्धले भिक्षुहरुको जीवन सादा जीवन हुनुपर्छ भन्नु भएको हो। नेवारीमा एउटा उखान छ - "म्ह्याय्यात बोबिया: भौसिखे यायगु" अर्थात छोरीलाई अर्ति दिएर बुहारीलाई तह लगाउने भने जस्तै भिक्षुहरुलाई अर्ति दिएर गृहस्थी जीवन ठिक पार्नु बुद्धको उद्देश्य थियो। तर, बुद्धको यो शिक्षालाई समाजले बुझ्न सकेन।

बुद्ध परिनिर्वाण (मृत्यु) हुनु भन्दा अगाडि कुशीनगर नजिक गोरखपुर जिल्लामा चुन्द कर्मारपुत्र भनि एक कामीले बुद्धलाई सूकरमद्दव (सुंगुरको मासु) सहित भोजन दान दिएको थियो। त्यो खाएर बुद्ध सख्त बिरामी हुनु भयो। रगत दिशा भयो। बुद्धले निर्देशन दिनु भयो - त्यो सुकरमद्दव अरुलाई नखुवाउनु। बचेको सुकरमद्दव जम्मै खाडल खनेर गाडि दिनु। त्यसपछि बौद्ध मार्गिहरुबीच आज सम्म पनि सूकरमद्दव विवादास्पद शब्द बन्यो। शाकाहारीले भन्न थाले - त्यो सूकरमद्दव संगुरको मासु होइन। एक प्रकारको च्याउ र रसायन मिश्रित तरकारी हो। धेरैको भनाइ थियो - शब्द नै स्पष्ट छ सुकर शब्द सुंगुरलाई प्रयोग गरिन्छ। भर्खर एक वर्षको संगुरको मासु भनेर अर्थकथामा व्याख्या गरिएको छ। त्यो भोजन दान दिने व्यक्ति



Downloaded from http://www.dhamma.digital

एक जना कामी थियो। महापण्डित राहुल सांकृत्यायनका अनुसार त्यो सूकरमद्दव सुंगुरको मासुनै हो।

अर्को बुझ्न नसकिने विवाद त्यो विष मिश्रित खाना थियो रे। किन भने बुद्धले त्यो खाना अरु कसैलाई ख्वाउन दिनु भएन। किन भूईंमा खाडल खनी गाड्न दिनु भएको? सूकरमद्दवको अर्थ आफूखुशी लगाउने क्रम अझै चलिरहेको छ।

बुद्धको अन्तिम अवस्थामा भिक्षुहरुले सोधे - भो शास्ता! तपाई बितेपछि तपाईको शरीरप्रति कसरी पूजा गर्ने? बुद्धको उत्तर थियो - "अब्यावटा तुम्हे होथ तथागतस्स शरीर पुजाय। इङ्घ तुम्हे आनन्द सदत्थे अनुयुञ्जथ, सदत्थे अप्पमत्ता आतापिनो पहितत्ता विहरथ।" (महापरिनिर्वाण सूत्र) अर्थात तिमीहरुले तथागत बुद्धको शरीर पूजाबारे चिन्ता नगर। तिमीहरु मेरो शिक्षा अनुसार राम्रो काम गर्नमा प्रयत्नरत हुनु, राम्रो काम गर्नमा अल्छी नहुनु, आत्मसंयमी भएर बस्नु। यसरी मेरो पूजा हुन्छ। स्पष्ट रुपमा त्यस्तो बुद्धको सन्देश हुंदा हुदै पछि गएर आचरण शुद्धी र धर्माचरणतिर नलागी मध्यम मार्गलाई बिर्सी मूर्ति पूजा गरेर शुद्धी, सिद्धि र संरक्षण प्राप्त गर्न बुद्धमार्गिहरु तल्लीन छन्। हाल पनि दुइजना भिक्षुहरु छन् -पुष्प-धूप चढाई बुद्ध पुजा नगर्नेहरु। एक जना बौद्ध समाजबाट अलग भई बस्छन्। अर्को एक जना बुद्ध पूजा गर्नु सही बौद्धचर्या होइन भनेर प्रचार गर्छन। उहांलाई भक्तिमार्गि उपासक उपासिकाहरुले तिरस्कार गर्छन्। ज्ञानमार्गी उपासकहरुले स्वागत गर्छन्। यो वातावरणको सिर्जना भएको बुद्धको सन्देश नबुझेकोले होला।



Downloaded from http://www.dhamma.digital

अर्को विवादास्पद बुद्धको अदालती शब्द या निर्देशन हो - परिनिर्वाण (मृत्यु हुनु) केही क्षण अघि बुद्धले भिक्षुहरुलाई सम्वोधन गर्नु हुँदै भन्नु भएको थियो - " आकङ्खमानो आनन्द ! संघो ममच्चयेन खुद्दानु खुद्दकानि सिक्खा पदानी समूहनतु " अर्थात म बितेपछि भिक्षुहरुले चाहेमा वा इच्छा भए स-साना नियमहरु छाडिदिए पनि हुन्छ । गौतम बुद्धले फेरि भन्नु भयो - न बुझेको केही छ भने अहिले प्रश्न गर । पछि पश्चाताप गर्नु पर्ला ।

बुद्धले भन्नु भए जस्तै पछि भिक्षुसंघमा प्रश्न उठ्यो - स-साना नियम कुन-कुन हुन् ? अरहन्त भिक्षुहरुले पनि निर्णय गर्न सकेनन् । अन्त्यमा आनन्द बुद्धका सचिव भिक्षुलाई आरोप लगाउन थाले - तिमीले बुद्धसंग किन नसोधेको. ? अरुले पनि सोधे हुन्थ्यो नि ! बुद्धले स्वयं स्पष्ट रुपमा भन्नु भएको थियो - कुनै शंका वा प्रश्न छ भने सोध्नु भनेर ।

यी माथिका बुंदाहरु किन उल्लेख गरेको भने हाम्रा कानूनविज्ञहरुले मिलेर नेपालको २०४७ सालको नयां संविधान बनाए । खुव दुरदर्शीताले संविधानको प्रतिपादन गरियो । श्री ५ महाराजाधिराजद्वारा पनि अध्ययन मनन गरेर स्वीकृति दिइ बक्स्यो । तर, दुइ चोटि मध्यावधि हुने बारे सर्वोच्च अदालतमा बहस चलेको थियो । छलफल भयो । तर न्यायाधीशहरुको वहुमत अनुसार निर्णय भयो । श्री ५ महाराजाधिराजबाट पनि संविधानको भाषा न बुझिवक्सेको हो कि आफ्नो अधिकार सदुपयोग नगरी मौसुफ स्वयं सार्वोच्चको शरणमा पर्नु भयो । बहस हुंदा खेरि



Downloaded from http://www.dhamma.digital

विशिष्ट न्यायाधीशहरुले आ-आफ्नो बुझाइ अनुसार संविधानको व्याख्या गरे। यो भयो संविधानको बुझ्न नसकेको कुरा।

बुद्धको सन्देश तत्कालीन ठुल्ठुला अरहन्त (असम्प्रदायिक, पूर्वाग्रह रहित) भिक्षुहरुले पनि बुझ्न सकेनन्। कसरी नबुझेको आश्चर्यको कुरो हो। बुझ्न सकेन। बुद्ध निर्वाण (मृत्यु) पछि हराइसकेको सम्प्रदायिकता र पूर्वाग्रह भिक्षु समाजमा फेरि पलाएर आयो। बुद्धका अनुयायीहरु महायान, हीनयान, वज्रयान, आदि गरी १८ निकायमा विभाजित भए जस्तै नेपालको राजनीति क्षेत्रमा पनि महान मार्क्सका सिद्धान्त मान्ने साम्यवादी (कम्युनिष्ट)हरु पनि ८, ९ टुक्रामा विभाजित भएको देख्दा छाडवा प्रजातन्त्रको उपलब्धि हो जस्तो लाग्छ। पूर्वाग्रह र साम्प्रदायिकताको भूत सवार भएको हो वा कुरा नबुझेको ले यस्तो भएको हो ?

- *जे जति ठीक कुरा भनिएका छन्, सबै बुद्ध वचन हुन्।*

-महायानी उक्ति

- *जसले शील (धर्म) बुझेको छ, तर प्रयोगमा ल्याउँदैन, ऊ त्यो मान्छे सरह छ जसले बत्ति बाल्छ र आंखा चिम्लन्छ।*

–तिब्बती बौद्ध लोकोक्ति

- *बुद्ध एक नेपालको मात्र नभई विश्व महापुरुष हुन्। त्यसैले संयुक्त राष्ट्र संघद्वारा लुम्बिनीका विकास हुनु पर्छ।*

- ऊ थान्त (राष्ट्र संघको महासचिव)
१९६६ मा लुम्बिनीमा व्यक्त विचार



Downloaded from http://www.dhamma.digital

# संस्कार वदल्नु पर्छ

धार्मिक जगतमा दानदिनेहरु धेरै हुन्छन् तर उनीहरुमा त्याग चेतनाको कमी पाइन्छ। उनीहरु सिर्फ नाउं कमाउन र प्रसिद्धिको लागि दान दिन्छन्। दान दिदाखेरि प्रतिग्राहकलाई काम लाग्ने र उपयोगी हुने वस्तु मात्र दिनु पर्छ। करुणाचित्तले दिनु पर्छ। तर, अमेरिकाले रुसलाई आर्थिक अनुदान दिंदा खेरि फेरि साम्यवाद ल्याउन नपाइने शर्तमा मात्र अनुदान दिन्छ। मानवताको नाताले र त्यहांको जनजीवन उज्वल पार्नको लागि नभइ आफ्नो प्रभुत्व जमाउनलाई अनुदान दिइनु निश्चित रुपमा उचित होइन र शुद्ध सहयोग होइन। नियत र चित्त शुद्ध हुनु पर्छ।

भारतको घटना हो। एकजना व्यापारीले श्री राम परमहंश स्वामी कहां गएर सोध्यो - स्वामीजी। मैले सुनेको थिएं सर्वश्व सबै त्याग गरेको खण्डमा ईश्वरको दर्शन पाइन्छ रे। त्यही अनुसार मैले सारा सम्पत्ति छोरा छोरीहरुलाई त्यागी सकें। व्यापार गर्न पनि छोडि सकें। अचेल त व्यापार भनेको के हो वस्तुको भाउ कति छ भन्ने पनि मलाई केही थाहा छैन। तर पनि मैले ईश्वरको दर्शन पाउन सकिन।

परमहंश स्वामीजीले मुसु मुसु हांसी भन्नु भयो - व्यापारी महाशय, तपाईले त पुरानो तेलको शिशी मात्र फेरेर नयां शिशीमा राख्नु भएको रहेछ। पुरानो शिशीमा तेलको अंश र वास्ना छुटेको छैन। तपाईको मन धन सम्पत्ति मै अड्किरहेको



Downloaded from http://www.dhamma.digital

छ। पुरानो संस्कार जस्ताको तस्तै छ। चित्त र मन पनि शुद्ध भएको छैन। मन शुद्ध नभइकन कहां इश्वरको दर्शन पाइन्छ त ?

एक जना मूर्ख मान्छेले डुंगा बांधिराखेको डोरी न खोलिकन रातभरि डुंगा चलाएको चलाई गरेछ, तर डुंगा भने जहांको तहीं।

एक चोटी स्वामी विवेकानन्दजी गंगाजीको किनारतिर घुम्न जानु भयो। त्यहां त्यागी बनी साधुहरु बसिरहेका थिए। एक जना साधुकहां जानु भई स्वामी विवेकानन्दले सोध्नु भयो - तपाई साधु बनेको कति वर्ष भयो ?

साधुको जवाफ थियो चालिस (४०) वर्ष भयो। लाखौं रुपैया र धेरै सम्पत्ति छोडेर त्यागी बनेको हुं।

स्वामी विवेकानन्दले भन्नु भयो - तपाई त सही त्यागी साधु होइन। सही त्यागी भएको भए घर छाडेको ४० वर्ष भयो। तर अहिले सम्म लाखौं रुपैया त्यागेर आएको भनी मनमा कुरा रहने नै थिएन। धन सम्पत्तिबाट तपाईको मन टाढा गएको छैन। यसबाट के थाहा हुन्छ भने मनमा धन सम्पत्तिको आशक्ति र अहं भएसम्म सही त्यागी हुन सक्दैन र गरेको दान, अनुदान पनि सही त्याग हुन सक्दैन।

बुद्धको शिक्षा अनुसार पाप कर्म नगरिकन पुण्य कर्म मात्र गरेर पुग्दैन चित्त शुद्ध पनि हुनु पर्छ। सबै काम मनको स्वभाव अनुसार हुन्छ। जुन सुकै काममा पनि मन अगुवा हुन्छ। त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गर्‍यो भने गोरुको पछि पछि गाडाको पांग्रा गह्रुंगो भएर पछि लागे झैं दुःख पनि पछि लागेर आउंछ।



Downloaded from http://www.dhamma.digital

# सुविधा भोगी जीवनले कसरी दु:ख दिन्छ ?

२०५५ जेष्ठ २७ गते तानसेन महाबोधि विहारको बौद्ध महिला संघ र युवा बौद्ध संघको वार्षिक उत्सवमा भाग लिनको लागि जेठ २५ गते साझा यातायातको टिकट लिएं। धेरै जसो म साझा बसबाटै यात्रा गर्छु।

२५ गते पहिले जानु पर्ने बस बिग्रको रहेछ। अर्को बसको व्यवस्था गरि दियो। त्यो पनि एक घण्टा जति चलिसकेपछि क्याराक्क आवाज आयो, बीचमै राकियो। दुइ घण्टासम्म बनाउन कोशिश भयो, बनेन। ८ बजे गांगबुं बसपार्कबाट छुटेको वस नौविसे भन्दा धेरै यता ११ बजे सम्म रोकिराख्यो। ड्राइभरले भन्यो - गाडी चल्दैन। तपाईहरुको यात्रा व्यवस्था आफू आफूले नै मिलाउनु बेस। आधी जति त पहिले नै अरु बसबाट गइसकेका थिए। पैसा लिएर गए कि गएनन् थाहा भएन। बीरगजंको नाइटबस एउटा खाली नै आइपुग्यो। हामी सवै त्यसैमा बसेर नारायणगढ गयौं। त्यस वापत रु ५०।- तिरियो नारायणगढबाट बुटवलसम्म फेरि ५५।- तिरियो। त्यहांबाट ३५।- तिरेर तानसेन पुगें। साझाबाट पैसा लिन बिर्से। साझामा १३१।- तिरेर टिकट लिएको



Downloaded from http://www.dhamma.digital

थिएं। फेरि १३५।- तिरेर तानसेन पुगें। यो प्रजातन्त्र देशको हालत हो।

साझा प्रति धेरैको विश्वास छ, तर साझाको चाल चाहिं अविश्वासपूर्ण।

नेपालको साझा व्यवस्था र निजी व्यवस्थामा केही फरक छैन। फरक छ भने निजीमा जिम्मेदार व्यक्ति हुन्छ। बस मालिक एक जना हुन्छ। तर साझामा जिम्मेदार व्यक्ति हुंदैन। बसहरु सफा छन्, छैनन्, ठीकसंग चालू छन्, छैनन हेर्ने कोही हुंदैन। निजीमा हुन्छ। अनुदान आएको बस कति ग्यारेजमा थन्काइराखेको हुन्छ। जापानी सरकारबाट नेपाली जनताको सुविधाको लागि अनुदान आएको साझा मुट्ठिभर साझादारीको कमाइ खाने भांडो भयो। चीन सरकारले जनताको सुविधाको लागि ट्रलिबस अनुदान दियो। न सरकारलाई फाइदा न जनतालाई। बीचबाटै फाइदा लिइन्छ। मरमत-सम्भार गर्ने तिर ध्यान दिएको देखिंदैन। भक्तपुर मा चल्ने ट्रलिवस कस्तो थोत्रो। खिया खाएर, अघोरी कुकुर जस्तो। कहिले पनि सफा गर्दैन। चिनियांहरु भन्छन् - ट्रलिवसको दुर्दशा देखेर उनीहरुलाई लाज लाग्छरे।

जेठ २९ गते तानसेनको समारोहमा भागलिई प्रवचन कार्यक्रमपछि पोखराबाट बेनी म्याग्दी २९ गते पुगें। जेठ ३० गते बेनीमा बौद्ध चैत्य र विहारको शिलान्यास कार्य सम्पन्न गरी फेरि पोखरा फर्के। यस बीच बुद्धको तपस्या र मध्यम मार्गको झल झल सम्झना आयो।

२५ गते साझा बस सुन्य ठाउँमा बिग्रेकोले भोजन



Downloaded from http://www.dhamma.digital

मिलेन। त्यसले गर्दा हरन्तको महसुस भयो। अनि सिद्धार्थले पर्याप्त खाना नखाइकन ६ वर्ष सम्म तपस्या गर्नू भएको सम्झना आयो।

बुद्धको मध्यम मार्ग किन सम्झना आयो ? मध्यम मार्गमा दुइटा कुरा स्मरणीय छन्।

१. भिक्षुहरु विलासितामय जीवन र सुविधामुखी नबन्नु।

२. शरीरलाई कष्ट हुने गरी दुःखी जीवन नबिताउनु।

मतलव विलासितामय र कष्टमय जीवन बीचको जीवनयापन गर्नु।

उपत्यका बाहिरका बौद्ध उपासकहरुले लगाउने आरोप हो - काठमाडौंका भिक्षुहरु सुविधामुखी भए। उपत्यका बाहिर गएर बस्न चाहन्नन, किन भने बाहिर गाउंमा सुविधा पनि छैन, लाभ सत्कार पनि छैन।

*मेरो अनुभव*

बेनीमा भिक्षुहरु बस्नको लागि बिहार बनेको छैन। (हाल बन्न लागेको छ) त्यहां पोखराका विश्व शाक्य (जसले मलाई लग्नु भयो) को सम्धीको घरमा बस्ने प्रबन्ध मिल्यो। यो पंक्तिकार काठमाडौंका तीन विहारमा बस्ने गर्दछ। तीनै विहारमा चर्पी सहितको कोठा छ। दुइटा विहारमा साधारण काम चलाउ चर्पी मात्र छ। मेरो एउटा रोग भनुं या बानी भनुं दिनको कम्तिमा ५ चोटी दिसा बस्नु पर्ने। कहिले कहिं सात चोटी सम्म हुने। पातलो होइन साधारण रुपमै। त्यत्ति त मैले खाना खाएकै छैन। कहांबाट आउंछ, मलाइ त आश्चर्य लाग्छ ? चाइनिज डाक्टरहरुले पनि मेरो रोगको कारण पत्ता लगाउन सकेका छैनन्।



Downloaded from http://www.dhamma.digital

बेनी चर्पी घरबाट अलि टाढा बगैचामा बनाएको रहेछ। त्यसैले मलाई असुविधा भए पनि दुःख भएन। अप्ठ्यारो लाग्ने चांहि भने कहिले काहीं चर्पीमा ताल्चा मारेको हुन्छ त कहिले पानीको अभाव हुन्छ। काठमाडौंमा तीनै विहारमा हातमुख धुने धारा सहित बेसिन छ, सुविधा छ। (तर शहरको श्रीघः विहार मा चैत बैशाख र जेठ तीन महीना पानी आउदैन।) तानसेनमा त विहार छ, चर्पी पनि नजीकै छ, धारा सहित बेसिन छ। तर पानी छैन।

मलाई सम्झना आयो, डाक्टरहरु किन गाउं गाउंको अस्पतालमा न बसी काठमाडौं तिर भागेर आउंछन् होला ? सुविधामुखीमा पल्केकोले यस्तो भएको हुनु पर्छ। त्यस्तै सांसदहरु सुविधामुखी भएकोले पजेरोको आवाज सुन्न मन पराएको हुन सक्छ।

- *"मेरो छोरा छ" "धन छ" भनि अज्ञानीहरु चिन्तित हुन्छन्। आफ्नो देह नै आफुले भने जस्तो छैन भने छोरा भएर के। धन भएर के।*
- *आफ्नो मूर्खतालाई चिन्न सक्ने मानिस नै पण्डित कहलाइन्छ, मूर्ख भईकन पनि पण्डित हुं भन्नेलाई मूर्ख भन्दछन्।*
- *दारुले तिहुन तरकारीको स्वाद थाह नहुने झैं मूर्खजनले पनि जीबनभर पण्डितको सत्संगत गरेता पनि धर्मको मर्म बुझ्न शक्तैन।*

- धम्मपद



Downloaded from http://www.dhamma.digital

+ केस फुल्दैमा स्थविर (जेठो) भनिन्न, उसको आयु परिपक्वै होस व्यर्थै जीवन गुमाउने बुढा भनिन्छ, धेरै बोल्ने गर्दैमा पण्डित विद्वान बनिन्न, जो क्षमासील अवैरि तथा अहंकाररहित छ, त्यसलाई विद्वान भन्दछन।

+ गरिवी र दरिद्रता नै अपराध र भ्रष्टाचारको मुल कारण हो।

*- बुद्ध*

+ कसैले तिम्रो दोष देखाउंछ भने त्यसलाई धन्यवाद देऊ।

*- सत्य साई बाबा*

+ जो आफु अनुसासनमा बस्दैन उस्ले अरुमाथि सासन गर्नु सक्तैन।

*- सूत्र कृताङ्ग संकराचार्य*

+ संसारको प्रत्येक व्यक्ति अदभूत छ।

*- रजनीस*

+ अन्धविस्वास हटाउंदा धर्म बलियो बन्छ।

*- सिसेरो*

+ सज्जनहरु सुखा बादल झैं गर्जना गर्दैन।

*- बाल्मीकि*

+ बोल्नु भन्दा अघि अरुको भावना बुझ्नु राम्रो छ।

*- अज्ञात*

+ जरो खनिएको वृक्षलाई ढाल्न ठुलो बतास आउनु पर्दैन।

*- कालिदास*

+ प्रेम मृत्यु भन्दा बलियो छ।

*- बाइबल*

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital



विश्वेश्वरप्रसाद कोईराला



गणेशमान सिंह

## श्रद्धेय नेता द्वयमा सादर समर्पित

दुर्गादास

नेपालमा थरि थरि जात छन्, थरि थरि भाषा छन् थरि थरि धर्म छन्। सम्विधानले नेपाललाई बहुजातिय र बहुभाषिक भनी परिभाषा दिएको छ, तर बहुधार्मिक भनी उल्लेख गरिएन।

आर्थिक व्यवस्था नसुध्रिएमा धर्म, प्रजातन्त्र, संस्कृति, भाषा र ईतिहासको अस्तित्व रहदैन।

भोकाएका मानिसलाई धर्म र संस्कृतिसंग कुनै मतलब हुदैन।

प्रजातन्त्रको सारतत्व फुटेर बस्नुमा होइन मिलेर काम गर्नुमा छ।

नेता भनेको सम्पुर्ण विषयका ज्ञानको संकलित रासिको नाम हो।

Downloaded from http://www.dhamma.digital